का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

अपाङ्ग आवाज

DISABILITY VOICE

वर्ष १५, अङ्क ४, पूर्णाङ्क १७६, २०७३ साउन

सल्लाहकार
तारा वदन सेडाई

सम्पादक
सुदर्शन सुवेदी

संयोजक
जगदीशप्रसाद अधिकारी

व्यवस्थापक
शर्मिला विश्वकर्मा

पत्रकार
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विवेक खड्का
विष्णु शर्मा
दल बहादुर सुनार
मदन पौडेल
संगीता पौडेल

बजार प्रतिनिधि
सुनिल वि. क.

लेआउट/डिजाइन
अपाङ्ग आवाज
फोन नं ०१ -५१५५१३४

मुद्रक
सनराइज अफसेट प्रेस
डिल्लीबजार, काठमाडौं

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यलय
नयाँ बस्ती, काठमाडौं, पो. ब. नं: १९४०८
फ्याक्स - ५१५५१३४, फोन: ५१५५१३४
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

यसभित्र

सि वि आर कार्यक्रमको प्रभावकारिता ४

जि. पि. ए. एफ. गतिविधि ११

बदलिएको मेरो जीवन १४

दृष्टिविहिन विद्यार्थीहरूलाई अडियो पुस्तक वितरण २८

दाङमा अपाङ्गता भएका व्यक्तिहरूका लागि १ महिने तालिम सम्पन्न ३५

पत्रिकालाई निरन्तरता दिइरहनुहोला ।

आदरणिय सम्पादक ज्यू तथा अपाङ्ग आवाज परिवारमा मेरो नमस्कार । म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । यो पत्रिका प्राप्त भएसम्म र समय मिले सम्म पत्रिका पढ्न छुटाएको छैन । यसमा समावेश गरिएका सम्पूर्ण सामाग्रीहरु मलाई निकै उत्कृष्ट लाग्दछ । मलाई लाग्छ यस पत्रिकाको मद्दतले देश भरि छरिएर रहनु भएका अपाङ्गता भएका विभिन्न व्यक्तित्वहरूलाई एउटा परिवारको डोरीले बाँध्न सफल भएको छ । यो पत्रिकाले मेरो लगायत म जस्ता थुप्रै अरू अपाङ्गता हुनु भएका साथीहरूको जीवनमा महत्वपूर्ण भूमिका खेलेको छ । देश भरीका गतिविधि त छँदैछ साथसाथै अपाङ्गता भएका व्यक्तिहरुको सफलताको कथा, सँघर्षको कथाहरु पनि यसमा समावेश गरिएकाले झनै सुनमा सुगन्ध थपिदिएको छ, जुन कथाहरु नैराश्यता र हिनताबोधबाट ग्रसित अपाङ्गता भएका व्यक्तिहरुलाई प्रेरणाको स्रोत बन्न पुगेको छ । आफ्नो जीवनमा केही गर्ने र अगाडि बढ्न हौसला प्रदान गरेको छ । र समाजमा हामी अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा पनि सकारात्मक परिवर्तन ल्याउन ठूलो मद्दत गरेको छ जस्तो मलाई लाग्दछ । त्यसैले यस पत्रिकालाई निरन्तरता दिइरहनुहुन विशेष जोड दिन चाहन्छु । साथै अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित प्रकाशन र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवाललाई समावेश गर्ने वातावरणको सृजना होस् भन्दै सफलताको शुभकामना व्यक्त गर्दछु ।

✍ आकाश थापा मगर, बाँके

दृष्टिविहिन व्यक्तिहरुको समस्यालाई पनि जोड दिनुहोला ।

आदरणिय सम्पादक ज्यू, नमस्कार । म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । मलाई यो पत्रिका ज्यादै मन पर्दछ । पत्रिकामा समावेश सामाग्रीहरु ज्ञानबर्दक छन् । म एक दृष्टिविहिन व्यक्ति भएतापनि सहयोगीको मद्दत लिएर यो पत्रिका भने नियमित रुपमा पढ्ने गरेको छु । कहिले काही साथमा सहयोगी नहुँदा पत्रिका आफूसँग भएर पनि पढ्न नपाउने समस्या भने यथावत नै छ । हामी जस्ता दृष्टिविहिन व्यक्तिहरुका लागि छुट्टै ब्रेलमा वा अडियो (क्यासेट वा सि.डी)मा पत्रिका सामाग्री उपलब्ध गराइदिनु भएमा पनि हामीलाई पत्रिकामा भएका सामाग्री थाहा पाउनका लागि सधैँ अरुमा भर पर्नुपर्ने समस्याबाट मुक्त हुने थियौ । अर्को कुरा अपाङ्ग आवाज पत्रिका अपाङ्गता भएका व्यक्ति मात्रले नभइ समाजमा रहेका हरेक व्यक्तिहरुका माझमा पुराउनु पर्ने जरुरी देखेको छु । जसले गर्दा समाजले हामी अपाङ्गता भएका व्यक्तिहरु प्रतिको सोच र हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउने थियो होला । त्यसैले यस पत्रिकालाई बजारका प्रत्येक स्टेशनरी पसलहरुमा पनि उपलब्ध हुने गरी वितरण गर्नुपर्ने जरुरी छ । र अन्त्यमा हामी जस्ता दृष्टिविहिन व्यक्तिहरुको समस्यालाई पनि पत्रिकामा विशेष जोड दिदै सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवाललाई समावेश गर्नुहोला भन्दै पत्रिकाको सफल भविष्यका लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

✍ कमल कार्की , मोरङ्ग

श्रवणदृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूको अवस्था

नेपाल सरकारको परिभाषा अनुसार ७ प्रकारका अपाङ्गता भएका व्यक्तिहरू मध्ये श्रवणदृष्टिविहीन अपाङ्गता पनि एक हो । कान पनि नसुन्ने र आँखा पनि नदेख्ने व्यक्तिलाई नेपाल सरकारले श्रवणदृष्टिविहीन अपाङ्गता भएका व्यक्ति भनेर परिभाषित गरेको छ । यस्ता व्यक्ति अरुको सहयोग विना आफ्ना कुनै कामहरु आफै सम्पन्न गर्न सक्दैनन् । श्रवणदृष्टिविहीन व्यक्तिहरुको दैनिक क्रियाकलाप देखि लिएर उनीहरुको स्याहार सुसार, सरसफाइ लगायतका सबै काम गर्नको लागि जतिबेला पनि एकजना सहयोगीको आवश्यकता हुन्छ । जसको कारण समाजमा हुने हरेक कुरामा उनीहरू पछाडी परेको अवस्था छ । श्रवणदृष्टिविहीनता जन्म पश्चात् र जन्मजात पनि हुने गर्दछ । जन्मपश्चात भन्दा पनि जन्मजात श्रवणदृष्टिविहीन हुने व्यक्तिहरूले बढि समस्याको सामना गर्न परेको अभिभावकहरु बताउनु हुन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक १० हजार व्यक्तिहरू मध्ये १ जनामा श्रवण दृष्टि विहीनता हुने गरेको भनिएको छ । सो भनाइलाई आधार मान्ने हो भने नेपालमा श्रवणदृष्टिविहिन व्यक्तिहरुको संख्या ३० हजार रहेको अनुमान गर्न सकिन्छ । तर नेपालमा यस्ता व्यक्तिहरुको संख्या कति छ भन्ने कुराको खोजी नै भएको पाइँदैन । यस्ता व्यक्तिहरुलाई सर्व प्रथम त उनीहरुका दैनिक क्रियाकलापहरु जस्तै लुगा लगाउने, खान खाने, शौचालय गएर दिशा पिसाब गर्न, चप्पल लगाउन लगायतका सामान्य भन्दा सामान्य कुराहरु सिकाउन जरुरी छ । श्रवणदृष्टिविहीन व्यक्तिहरूको लागि काम गर्ने भनेर श्रवणदृष्टिविहीन भएका व्यक्तिहरूका अभिभावकद्वारा वि. स. २०६२ सालमा बहिरा दृष्टि विहीन समाज काठमाडौं नामक संस्थाको स्थापना भएको छ । संस्था स्थापना पछि सन् २००५ देखि सन् २०१२ सम्म विदेशी संघ संस्थाहरूको सहयोगमा यस्ता व्यक्तिहरुका लागि दैनिक जीवनका क्रियाकलापहरू सिकाउने तालिम प्रदान गरिएको थियो । विदेशी संस्थाहरूको सहयोग आउन छोडे पछि अन्य कुनै निकायको सहयोग नहुँदा त्यो तालिम पनि बीचमा नै छाड्न पर्यो । जसको कारण आज श्रवणदृष्टिविहीन व्यक्तिहरूले अरूको भरमा जिउन परेको छ । श्रवणदृष्टिविहीन भएका अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने भनेर बहिरा दृष्टिविहीन समाज काठमाण्डौंको स्थापना भए पनि अपाङ्गताको क्षेत्रमा काम गर्ने अन्य विभिन्न संघ संस्थाहरुले पनि उनीहरूका सवालहरूलाई उठाउँदै आएका छन् । तर पनि हाम्रो समाजमा श्रवणदृष्टिविहीन व्यक्तिहरुले अन्य नागरिक सरह सहज रूपमा जिउन सकेका छैनन् । उनीहरुले आफ्ना दैनिक क्रियाकलापहरू सम्पन्न गर्नको लागि पनि समस्या छ । त्यसै गरी उनीहरूले शिक्षा, स्वास्थ्य तथा विभिन्न तालिम उपलब्ध गराउने बारेमा त उनीहरूको लागि सोचिएको पनि छैन । त्यसैले आगामी दिनमा श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्य नागरिक सरह राज्यले उपलब्ध गराउँदै आएका विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउन र देशको सक्षम नागरिक बनाउन तर्फ सरोकारवाला निकायले विशेष ध्यान दिन जरुरी छ ।

सि. वि. आर. कार्यक्रमको प्रभावकारीता

नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले वि.स.२०५८ साल देखि अपाङ्गता भएका व्यक्तिहरूको हक हित संरक्षण लगायत उनीहरूको सशक्तिकरण र विकासका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्दै आएको छ । सि.वि.आर. कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरूमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूद्वारा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन गर्ने, सहायक सामाग्री वितरण गर्ने, आय-आर्जनका लागि बीउ पुँजी वितरण गर्ने, क्षमता अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन् । यो कार्यक्रमलाई नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले वि.स.२०६६/६७ साल देखि देशका ७५ वटै जिल्लाहरूमा सञ्चालन गरेको छ । राज्यको संलग्नताका साथै स्थानीय स्तरमै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको समुदायमा नै पुनर्स्थापित गराई शिक्षा, स्वास्थ्य र सहज जीवन यापनमा पहुँच पुर्याउँदै उनीहरूको सामाजिक सहभागिता र सशक्तिकरणमा टेवा पुर्याउने उद्देश्यका साथ समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अर्थात् सि.वि.आर. कार्यक्रम सञ्चालन गरिएको छ ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहयोग तथा विभिन्न जिल्लाहरूमा रहेका महिला बालबालिका कार्यालयहरूको समन्वयमा ती जिल्लाहरूमा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूले समन्वय गरेर अपाङ्गता भएका व्यक्तिहरूको लागि सि.वि.आर. अर्थात् समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । यो कार्यक्रम सञ्चालन गर्नको लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले वार्षिक रूपमा १ लाख ५० हजार रुपैयाँ सहयोग गर्ने र उक्त रकम सम्बन्धित जिल्लाको महिला बालबालिका कार्यालय मार्फत परिचालन गरी विभिन्न जिल्लामा अपाङ्गता अधिकारका लागि काम गरिरहेका संघ संस्थाहरू मध्ये पनि सबै भन्दा सक्रिय र प्रभावकारी रूपमा काम गरिरहेको कुनै एक संस्था छनोट गरी बढीमा दुईवटा सम्म संस्थालाई संयुक्त रूपमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रदान गर्ने गरिन्छ । सि.वि.आर.कार्यक्रम अन्तर्गत विशेष गरेर अपाङ्गता भएका व्यक्तिहरु तथा बालबालिकाहरुको शिक्षा, स्वास्थ्योपचार, सहायक सामाग्री, आय-आर्जन र जनचेतना अभिवृद्धिसँग सम्बन्धीत गतिविधिहरु सञ्चालन गरिदै आएका छन् । यसका साथै यो सि.वि.आर. कार्यक्रमले विभिन्न जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि

निःशुल्क रुपमा सहायक सामाग्री वितरण गर्ने, व्यवसायिक सीप, छात्रवृत्ति उपलब्ध गराउने, पुनर्स्थापनाका कार्यक्रमहरु सञ्चालन गर्ने, आर्थिक क्षमता अभिवृद्धि गर्ने, सामाजिक जीवन यापनका कार्यक्रमहरु सञ्चालन गर्ने, स्वरोजगार लगाएतका क्षेत्रमा पहुँचयोग्य बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

सन् १९७८ मा विश्व स्वास्थ्य सँगठन र संयुक्त राष्ट्र संघका अन्य निकायहरूले अपाङ्गता व्यवस्थापनको क्षेत्रमा सि.वि.आर. कार्यक्रमको अवधारणाको विकास भएको पाइन्छ । यसको करिब ३ दशकको अभ्यास, सिकाई पछि सरकारी र गैर सरकारी निकाय, संयुक्त राष्ट्र संघ लगायतको सहकार्यमा विश्व स्वास्थ्य संगठनले सन् २०१० मा सि.वि.आर. निर्देशिका पनि तयार गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरिय र सम्मानजनक जीवनको लागि सन् १९८६ देखि भक्तपुर जिल्लामा सि.वि.आर. कार्यक्रम सञ्चालन हुँदै आएको हो । यो नेपालकै पहिलो सि.वि.आर. कार्यक्रम हो । भक्तपुर जिल्ला भित्रका ११ जना अपाङ्गता भएका व्यक्तिहरूलाई पुनर्स्थापना सेवा उपलब्ध गराएर समुदायमा नै पुनर्स्थापना कार्यक्रम अर्थात् सि.वि.आर. कार्यक्रमको सुरुवात गरिएको हो । सि.वि.आर. भक्तपुरले पनि सन् १९९० देखि हाल सम्म सि.वि.आर. कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा नै पुनर्स्थापना गर्ने उद्देश्यले सन् १९९९ देखि ललितपुरको पाटनमा पनि सि.वि.आर. कार्यक्रम सञ्चालन भयो । त्यसै गरी सन् १९९० देखि सुनसरी जिल्लामा पनि यो कार्यक्रम सञ्चालन

कार्यक्रमको प्रभावकारिता ज्यादै राम्रो छ

- विमल बस्नेत, निर्देशक, सामर्थ्य समाज, मोरङ्ग, विराटनगर

सि.वि.आर.कार्यक्रम नेपाल सरकारले आफै स्वीकार गरेर आर्थिक वर्ष २०६६/६७ साल देखि नेपालको ७५ वटै जिल्लामा सञ्चालन गर्दै आएको छ । नेपाल सरकारले आफैले जिम्मेवारी लिएर गरेको कार्यक्रम भएकोले अपाङ्गता जगतमा यो कार्यक्रमको प्रभावकारिता ज्यादै राम्रो छ । नेपालको ७५ वटै जिल्लामा एकै किसिमको कार्यक्रम एकै साथ गएको कारणले पनि एक रुपता पनि छ । मोरङ्ग जिल्लामा यो सि.वि.आर.कार्यक्रमले ज्यादै राम्रो भूमिका खेलेको महशुष गरेका छौ । सि.वि.आर.कार्यक्रम अन्तर्गत हामीले विषेश गरेर स्वास्थ्यसँग सम्बन्धीत कार्यक्रमहरु सञ्चालन गर्ने गरेका छौ । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले यो कार्यक्रम सञ्चालन गर्नको लागि गरेको यो प्रयास ज्यादै सहरायिन छ । आगामी दिनमा यो कार्यक्रमलाई अझ निरन्तरता दिनको लागि अन्य मन्त्रालयहरुसँग पनि सहकार्य गरेर काम गर्न आवश्यक देखिन्छ । अपाङ्गता सम्बन्धी काम गर्ने संघ संस्थाहरुसँगको सहकार्यममा गर्ने कामहरु पनि एकद्धार प्रणाली नीतिलाई अगाडि बढाउन सकियो भने ७५ वटै जिल्लामा सि.वि.आर.कार्यक्रम मार्फत सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुले लाभ लिन सक्नेछन् । यसका लागि मन्त्रालयले अझै सशक्त रुपमा आफ्ना क्रियाकलापहरु अगाडी बढाउनु पर्दछ जस्तो लाग्छ ।

गरिएको पाइन्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो ठाउँमा भएका स्रोत र साधनहरूको प्रयोग गरेर समाजमा नै पुनर्स्थापना गर्ने सि.वि.आर. कार्यक्रमको प्रमुख लक्ष्य रहेको अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरू बताउनु हुन्छ । समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई अझ प्रभावकारी बनाउनको लागि वि. स. २०५५ साल देखि सि.वि.आर. राष्ट्रिय नेटवर्कको स्थापना गरेर काम गरिदैं आएको पनि छ । सि.वि.आर. राष्ट्रिय नेटवर्क नेपालमा

सबै अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्न कठिन भएको छ

- यमबहादुर बस्नेत, अपाङ्ग सेवा संघ धनकुटा, राष्ट्रिय अपाङ्ग महासंघ केन्द्रिय सदस्य

सि.वि.आर.कार्यक्रमले अपाङ्गता भएका सबै व्यक्तिहरुलाई पूर्ण रुपमा नभइकन केही न केही रुपमा छ सम्बोधन गरेको छ तर यो कार्यक्रमको लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रदान गरेको रकम प्रयाप्त छैन । हामीहरुले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रदान गरेको रकमको साथै जिल्ला विकास समिति र नगर पालिका र गा.वि.सहरुसँग साझेदारी गरेर अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानिय स्तरमा नै परिचय पत्र वितरण गर्ने, विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने, त्यसका अलवा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य गरेर धेरै भन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता गरेर विभिनन कार्यक्रमहरु सञ्चालन गर्ने काम गरेका छौ । यो कार्यक्रम ज्यादै प्रभावकारी त छ तर पनि आगामी दिनमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गरेर सि.वि.आर. कार्यक्रम सञ्चालन गर्नको लागि केही रकम वृद्धि गरिदिएमा राम्रो हुने थियो ।

विभिन्न कार्यक्रम सञ्चालन गरेका छौ

- नविन ढुङ्गेल, अध्यक्ष, अपाङ्ग सेवा संघ, पाँचथर

अपाङ्गता क्षेत्रमा सि.वि.आर.कार्यक्रमको प्रभावकारीता ज्यादै राम्रो रहेको पाइएको छ । हामीले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि स्थानिय स्तरमा नै गएर अपाङ्गता भएका व्यक्तिहरसँग प्रत्यक्ष सम्पर्क समन्वयसँग सँगै विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरेका छौ । जस्तै : स्थानिय स्तरमा नै गएर अपाङ्गता भएका व्यक्तिहरुलाई नागरिकता वितरण गर्ने, राजनीति अधिकारको लागि मतदाता नामवली दर्ता गराउने, अपाङ्गता परिचय पत्र वितरण गर्ने ,साहायक सामाग्री वितरण गर्ने, उपचारको लागि सहयोग गर्ने, विद्यालयमा भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने, छात्रवृत्तिको लागि पहल गर्ने लगाएतका कामहरु गर्ने गरेका छौ । सि.वि.आर.कार्यक्रम सञ्चालन गर्नको लागि मन्त्रालयको बजेट केही न्यून भएको कारण अझै दुर्गम ठाँउमा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्न सकिएको छैन । सरोकारवाला निकायहरुले यस विषयमा पनि विशेष ध्यान दिन जरुरी देखिन्छ ।

ग्रामीण क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्न सकिएको छैन

- चन्द्र राई, अध्यक्ष, उदयपुर, अपाङ्ग विकास संघ उदयपुर

सि.वि.आर. कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुको लागि ज्यादै उपयोगी कार्यक्रम हो । यो कार्यक्रम मार्फत हाम्रो जिल्लामा रहेका केही अपाङ्गता भएका व्यक्तिहरुलाई समाजमा नै पुनर्स्थापना गर्न, उनीहरुको जीवन यापनलाई सहज बनाउन सफल भएका छौ । हाम्रो जिल्लामा सि.वि.आर.कार्यक्रमको प्रभावकारिता राम्रो भए पनि अझै ग्रामिण क्षेत्रमा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका समस्याहरुलाई समावेश गर्न सकेका छैनौ । तर पनि हामीले सि.वि.आर. कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गर्ने, विभिन्न सरोकारवाला निकायहरसँग पहुँचयुक्त भौतिक संरचना निर्देशिकाको अवस्थाको बारेमा नीतिगत अवधारणाको बारेमा स्थानिय निकाय र सरकारी निकायका प्रमुखहरुलाई राखेर ती नीतिहरुको बारेमा जानकारी गराउनुका साथै कार्यन्वयनको लागि पहल गर्नु पर्ने भनि जानकारी गराउने, खालका अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरेका छौ । यसका साथै उनीहरुले आय-आर्जन गरी जीवन यापन गर्न सहज होस् भनेर विऊ पुँजी अन्तर्गत केही रकमहरु उपलब्ध गराउने कामहरु भएका छन् । जसले गदौ केही अपाङ्गता भएका व्यक्तिहरुको जीवन यापनमा केही मात्रमा भए पनि सहजता भएको छ । त्यसैले यो कार्यक्रमलाई अझ प्रभावकारी बनाउनको लागि, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहुँच पुर्याउनको लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले सि.वि.आर.कार्यक्रम अन्तर्गत रकम वृद्धि गर्न तर्फ ध्यान दिएमा राम्रो हुने थियो ।

५४ वटा जिल्लामा विस्तार भइसकेको छ भने यो नेटवर्कले सि.वि.आर. कार्यक्रम सञ्चालन गरिएका ४० वटा संघ संस्थालाई तालिम पनि दिएको छ । अहिले सम्म यो सि.वि.आर. राष्ट्रिय नेटवर्कले कास्की, पाल्पा, बाँके, कपिलवस्तु, काभ्रे र दैलेख लगायतका जिल्लाहरूमा शाखाहरू विस्तार भएको छ । यो नेटवर्कमा सि.वि.आर. कार्यक्रम सम्बन्धी काम गर्ने ८१ भन्दा बढी संघ संस्थाहरूले सदस्यता लिएर काम गर्दै आएका छन् ।

सि.वि.आर.कार्यक्रमलाई अझ प्रभावकारी बनाउनको लागि नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत सञ्चालन गरिएको सि.वि.आर.कार्यक्रम मार्फत विभिन्न जिल्लाहरुमा अपाङ्गताको बारेमा जनचेतना अभिवृद्धि गर्न, स्वास्थ्य तथा शिक्षामा पहुँच पुर्याउन, क्षमता विकास गर्न, आय-आर्जनका लागि व्यवसायिक तालिम, सहयोगी सामाग्री वितरण लगाएतका कार्यहरुमा महत्वपूर्ण भूमिका निभाएको छ । सि.वि.आर.कार्यक्रमले विद्यालय स्तरका अपाङ्गता भएका व्यक्तिहरुलाई छात्रवृत्ति उपलब्ध गराउने, परामर्श दिने, फिजियो थेरापी गराउने, स्वास्थ्य शिविर सञ्चालन गर्ने

लगायतका कार्यहरुमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरुको जीवन यापनमा विगतका वर्षहरुमा भन्दा केही सहजता भएको पाइन्छ । सि.वि.आर. कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापनामा महत्वूर्ण भूमिका खेलेको पाइन्छ । सि.वि.आर. कार्यक्रमले विद्यालय स्तरका अपाङ्गता भएका व्यक्तिहरुलाई छात्रवृत्ति उपलब्ध गराउने, परामर्श दिने, फिजियोथेरापी गराउने, स्वास्थ्य शिविर सञ्चालन गर्ने लगाएतका कार्यहरुमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरुको जीवन यापनमा विगतका वर्षहरुमा भन्दा केही सहजता भएको पाइन्छ । सि.वि.आर.कार्यक्रम अन्तर्गत विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसारको सहायक सामाग्री वितरण गर्ने, आय–आर्जनका लागि विऊ पुँजी वितरण गर्ने अपाङ्गता परिचय पत्रका लागि वकालत गर्ने लगायतका कामहरु गर्ने गरिन्छ । अझै सि.वि.आर कार्यक्रमलाई सबै विद्यालय स्तरमा पुग्ने गरी सञ्चालन गर्न सकेमा प्रभावकारी हुने देखिन्छ ।

नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले ल्याएको सि.वि.आर. निर्देशिकामा अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने, अपाङ्गता भएका व्यक्तिहरुको विकासको लागि स्थानिय समुदाय तथा निकायलाई परिचालन गरि सहभागिता बढाउने उद्देश्य राखिएको छ । सोही अनुरुप विभिन्न जिल्लाहरुमा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले सि.वि.आर.कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

सि.वि.आर.निर्देशिकालाई पूर्ण रुपमा कार्यन्वयन गर्न जरुरी छ

- मदन पौडेल, कोषाध्यक्ष, सि.वि.आर.राष्ट्रिय नेटवर्क नेपाल

हाम्रो समाजमा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अर्थात सि.वि.आर.कार्यक्रम सञ्चालन भए देखि अपाङ्गता भएका व्यक्तिहरु घरबाट बाहिर निस्कन थालेको पाइएको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई घरबाट बाहिर ल्याउनको लागि र उनीहरुको सर्वार्गिण विकासको लागि यो कार्यक्रमले ज्यादै महत्वपूर्ण भूमिका खेलेको छ । यो कार्यक्रम ७५ वटै जिल्लामा सञ्चालन भएको भए पनि अझ यसको बारेमा अधिकांश अपाङ्गता भएका व्यक्तिहरुको बुझाईमा कमि भएको पाईएको छ । तर पनि अहिले नेपालमा सि.वि.आर.कार्यक्रमको प्रभाव अघिल्लो दशकको तुलनामा धेरै फरक देखिएको छ । धेरै अपाङ्गता भएका व्यक्तिहरु घरबाट बाहिर आएको, आफ्ना अधिकारको, राज्यले उपलब्ध गराएको सेवा सुविधाको खोजि गर्न थालेको पाइन्छ । हाम्रो देशले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धीलाई अनुमोदन गरेको छ, नयाँ संविधान जारी भएको अवस्थामा सि.वि.आर.कार्यक्रम अन्तर्गत पनि उनीहरुका हरेक अधिकार तथा सशक्तिकरणका कुरा, पुनर्स्थापनाका कुरालाई अगाडि बढाउनु पर्ने हुन्छ । यसका साथै राज्यले सि.वि.आर.निर्देशिकालाई पूर्ण रुपमा कार्यन्वयन गरेर काम गर्नु पर्ने देखिन्छ ।

सि.वि.आर.कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने छौ

- निमराज भट्टराई, शाखा अधिकृत, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

सि.वि.आर. कार्यक्रम महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले ७५ वटै जिल्लामा सञ्चालन गर्दै आएको छ । सि.वि.आर.कार्यक्रम अन्तर्गत हामीले अपाङ्गता भएका व्यक्तिहरुलाई आत्म निर्भर गराउने, उनीहरुको जिविकोपार्जनमा सहयोग गर्ने, उनीहरुको अधिकारको लागि प्रोत्साहन गर्ने, आवश्यकता अनुसारको सहायक सामाग्री वितरण गर्ने लगाएतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । सि.वि.आर.कार्यक्रम सबै अपाङ्गता भएका व्यक्तिहरुको विकासको लागि सञ्चालित कार्यक्रम हो र विषेश गरेर सि.वि.आर.को अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ५.५ म्याट्रियसको आधारमा यो कार्यक्रम सञ्चालित छ । यो सि.वि.आर. कार्यक्रम विशेष गरेर अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा नै पुनर्स्थापना गर्न प्राथमिकता दिनु पर्दछ भन्ने अवधारणाबाट सञ्चालित भएको र नेपाल सरकारले पनि प्राथमिकता दिएको कार्यक्रम हो । सि.वि.आर.कार्यक्रमको प्रभावकारितालाई लक्षित गरेर केही अध्ययनहरु पनि भएका छन् । समय समयमा अनुगमन तथा बार्षिक रुपमा यसको समिक्षा पनि गर्ने गरिन्छ । अनुगमनका क्रममा यसको प्रभावकारीता अत्यन्त राम्रो भएको पाइएको छ । नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले आगामी दिनमा यो कार्यक्रमलाई निरन्तरता दिदै जाने छ । सि.वि.आर.कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि स्थानिय निकायहरुसँग साझेदारी गरेर काम गर्न सकेकोमा नेपालमा यो सि.वि.आर. कार्यक्रम अझ प्रभावकारी हुन्छ ।

हाम्रो क्षेत्रमा यो कार्यक्रम ज्यादै प्रभावकारी भएको छ ।

- खगेन्द्र बहादुर भट्टराई, अध्यक्ष, दमक अपाङ्ग सहयोग समिति, झापा

समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अर्थात सि.वि.आर.कार्यक्रम अन्तर्गत हामीले हाम्रो जिल्लाका विभिन्न गा.वि.स.हरुमा समुह गठन गरेर अपाङ्गता भएक व्यक्तिहरुको लागि कार्यक्रम सञ्चालन गरेका छौ । जस अन्तर्गत विऊ पुँजी वितरण गर्ने, सहायक सामाग्री नापजाँच गरेर वितरण गर्ने, स्थानिय निकायहरुसँग मिलेर गरिएका विभिन्न कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता गराउने लगाएतका कामहरु गरेका छौ । हाम्रो क्षेत्रमा यो कार्यक्रम ज्यादै प्रभावकारी भएको छ । तर यो समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्नको लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले उपलब्ध गराउदै आएको रकमले यस जिल्लामा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरेर कार्यक्रम ल्याउन सकिएको छैन । सम्बन्धी निकायले सि.वि.आर.कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता परिचय पत्रका बारेमा प्रष्ट रुपमा जानकारी हुने गरी वकालत गर्ने, समावेशी शिक्षाको बारेमा शिक्षकहरु तथा विद्यालय सम्म पुग्ने गरी स्रोत केन्द्र स्तरिय कार्यक्रमहरुलाई अझ प्राथमिकता दिने खालका कार्यक्रमहरु सञ्चालन गर्न सकेमा यो कार्यक्रम अझ प्रभावकारी हुने थियो । यस विषयमा सरोकारवाला निकायहरुले विशेष ध्यान दिएमा राम्रो हुने थियो ।

अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि केन्द्रमा एक निर्देशक समिति, प्रत्येक जिल्लामा जिल्ला समन्वय तथा अनुगमन समिति, नगर तथा गाँउ स्तर नगरगाँउ व्यवस्थापन समिति रहने गरी केन्द्र देखि स्थानिय स्तर सम्म व्यवस्था गरिएको छ । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले सि.वि.आर.कार्यक्रम अन्तर्गत अपाङ्गता सम्बन्धी तथ्याङ्क तथा विवरण संकलन गर्ने, जनचेतना सम्बन्धी कार्यक्रम गर्ने, परामर्श सेवा, उपचार सेवा, पुनर्स्थापना सेवा दिने, व्यवसायिक तालिम र आयआर्जनको व्यवस्था लगाएतका कार्यक्रमलाई विशेष प्राथामिकता दिएको छ । त्यसैले यो सि.वि.आर.कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुका लागि ज्यादै प्रभावकारी भएको पाईएको छ । यो सि.वि.आर. कार्यक्रम मार्फत विभिन्न जिल्लामा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले अपाङ्गता भएका व्यक्तिहरुको आय–आर्जनमा वृद्धि गर्नको लागि विऊ पुँजी वितरण गर्ने, सहायक सामग्री नाप जाँच गरी गाँउ स्तरमा नै वितरण गर्ने, अपाङ्गता परिचय पत्र वितरण गर्ने, औषधी उपचारको लागि विभिन्न अस्पतालहरुमा सिफारिस गरिदिने, अपाङ्गता भएका विद्यार्थीहरुलाई विद्यालय भर्ना अभियान, छात्रवृत्तिको लागि पहल गर्ने, विभिन्न सीप मुलक तालिमहरु प्रदान गर्ने लगाएतका कामहरु सञ्चालन हुदै आएका छन् । जसको कारण कति पय अपाङ्गता भएक व्यक्तिहरु यही समुदायमा नै पुनर्स्थापनाभएर समाजमा सम्मान जनक जीवन यापन गर्न सक्षम भएका छन् ।

नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले सञ्चालन गरेको यो सि.वि.आर. कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरूका लागि अझ प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नको लागि नेपाल सरकारले उपलब्ध गराएको रकम न्यून भएको सि.वि.आर. कार्यक्रम सञ्चालन गर्ने विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरूको गुनासो रहेको छ । यस विषयमा नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले विशेष ध्यान दिन जरुरी देखिन्छ । त्यसैले आगामी दिनमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले सञ्चालन गर्ने सि.वि.आर. कार्यक्रम सबै जिल्लामा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा प्रभावकारी रूपमा पुर्याएर विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा नै पुनर्स्थापना गर्न तर्फ सरोकारवाला निकायले विशेष पहल गर्ने छ र यसबाट अपाङ्गता भएका व्यक्तिहरूले प्रत्यक्ष रूपमा सहयोग पाउनु हुने छ ।

यस अपाङ्ग आवाज पत्रिकामा प्रकाशन गरिएका निजी विचार तथा लेखहरूले अपाङ्ग आवाज मासिक पत्रिकाको प्रतिनिधित्व गर्दैनन् ।

- सम्पादक

अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेतमा GPAF परियोजना अन्तर्गत तेस्रो वर्षको पहिलो त्रैमासिकमा गरेका क्रियाकलापहरू

पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना अन्तर्गत सुर्खेतको अवाल्चिङ्ग गा. वि. स. मा समूहगत छलफल गर्दै। ***तस्विर : चन्द्र उपाध्याय***

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१४ अप्रिल देखि सन् २०१७ सम्मको लागि डि.डि.पि. युके.एड.सँगको संयुक्त साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने उद्‌देश्यले "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" (जिपिएएफ परियोजना) GPAF सञ्चालन गरेको छ । यो परियोजना दाङ् जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल, बर्दिया जिल्लाको अपाङ्ग पुनर्स्थापना केन्द्र, सुर्खेतको अपाङ्ग सशक्तिकरण केन्द्र र तनहुँको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) गरी अपाङ्गता सम्बन्धी काम गर्ने ४ वटा स्थानीय जिल्ला साझेदार संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरिएको छ । ती सबै जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि आय-आर्जन हुने खालका कार्यक्रमहरू सञ्चालन गरिएको छ । ती

जिल्लाहरू मध्ये अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेत जिल्लाको विभिन्न गा. वि. स. र नगरपालिकामा सञ्चालन भएका गतिविधहरु यस प्रकार उल्लेख गरिएको छ ।

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले डि.डि.पी. यूके.एड्सँगको संयुक्त साझेदारीमा "पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको लागि गरिबी निवारण परियोजना" GPAF अन्तर्गत सुर्खेत जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक अवस्थामा सुधार ल्याई आय–आर्जन गर्न सक्षम बनाउने उद्‌देश्यले सो परियोजना अन्तर्गत काम गर्नको लागि सम्झौता गरिएको थियो । सम्झौता भए पश्चात अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेतले यस परियोजनाको लागि काम गर्ने कर्मचारी पदपूर्ति गर्ने काम गरियो । यो परियोजनाको सुरुवात सँगसँगै सुर्खेत जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको अवस्थाको बारेमा जानकारी लिने, समुदायमा गएर कसरी काम गर्ने भनेर छलफल गरियो । तत्पश्चात संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई प्रारम्भिक अध्ययन तालिम प्रदान दिएर सुर्खेत जिल्लाको वीरेन्द्रनगर, लाटीकोईली, उत्तरगंगा, साटाखानी, कल्याण, दशरथपुर, नेटा, लेखफर्सा, गुमी, मेहलकुना, मैनतडा, छिन्चु, रामघाट, साहारे, मालारानी, जर्बुटा, कुनाथरी, गढि, लेखगाँउ लगायतका ठाँउमा पनि प्रारम्भिक अध्ययन गर्ने काम भयो । सो कार्य पश्चात सुर्खेत जिल्लामा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको अवस्थाको बारेमा जानकारी लिने, आय–आर्जनका के कस्ता कार्यक्रमहरु सञ्चालन गर्ने

पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना अन्तर्गत सुर्खेत जिल्लाकी शारीरिक अपाङ्गता भएकी महिलाले संचालन गरेको खुद्रा पसल । ***तस्विर : चन्द्र उपाध्याय***

भनेर गरिएको छलफल पछि सुर्खेत जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि जीविकोपार्जन तथा व्यवसायिक गतिविधिहरु र पुनर्स्थापनाका कामहरुको सुरुवात गरियो ।
जसमा अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेतले पहिलो र दोस्रो वर्षमा २२५ जना लाई आय आर्जन मूलक कार्यक्रम गरेको छ भने तेस्रो वर्षमा मिति २०७३ बैशाख १५ गते देखी २०७३ साल श्रावण १६ सम्ममा सुर्खेत जिल्लाका विभिन्न गा.वि.स. मध्य रतु, लेखगाँउ र वीरेन्द्रनगर नगरपालिका वडा नं. २२ गरी ३ वटा समूह निर्माण गरी समूहगत रूपमा प्रत्येक समूहका १२/१२ जना गरी ३६ जनालाई समूहगत रुपमा आय आर्जको लागि सहयोग गरियो भने व्यक्तिगत रुपमा सुर्खेत जिल्लाका विभिन्न स्थानबाट आएका व्यक्तिहरुको आवश्यकता र उनीहरुको अवस्था पहिचान गरी ४० जना अपाङ्गता भएका व्यक्तिहरुलाई आय आर्जन मूलक व्यवसायका लागि आर्थिक सहयोग गरिएको पाइएको छ । जसमा समुहगत र व्यक्तिगत गरी जम्मा ७६ जना मध्य बाख्रा पालनको लागि ४३ जना, कुखुरा पालनको लागि ६ जना, बंगुर पालनको लागि १० जना, खुद्रा पसलको लागि २ जना, सिलाई कटाई व्यवसायको लागि २ जना, तरकारी खेतीको लागि ६ जना, फलफुल पसलको लागि २ जना, हेयर कटिङ व्यवसायको लागि १ जना औषधी पसलको लागि १ जना, मौरी पालनको लागि २ जना, कस्मेटीक पसलको लागि १ जनालाई सहयोग गरिएको छ ।
"पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको लागि गरिबी निवारण परियोजना" अन्तर्गत अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेतले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार तथा रोजगारीका लागि जिल्ला भित्रका विभिन्न स्थानहरुमा काम गर्दा स्थानीय स्तरका संघ संस्थाहरु, गा.वि.स. कार्यलय, नगरपालिका, स्वास्थ चौकी, जिल्ला शिक्षा कार्यलय, महिला विकास कार्यलय, जिल्ला कृषी विकास कार्यलय, विद्यालयमा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, रोजगारी तथा आय आर्जनका लागि सरोकारवाला व्यक्तिहरुसँग समन्वय गरी काम गर्ने गरेको छ । साथै सोही परियोजना अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार तथा सहयोगी सामाग्रीहरुको लागि पनि सहयोग गर्ने गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा उपचार तथा सहायक सामाग्रीको सहायताबाट उनीहरुको समस्या समाधान गर्ने उद्देश्यका साथ संस्थाले संचालन गरेको "पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको लागि गरीबी निवारण परियोजना" र सुर्खेत जिल्लामा रहेका अन्य संघ संस्थाहरुसँग समन्वय गरी मिति २०७२ चैत्र १९ गते देखी २०७३ साल श्रावण १० गते सम्म सुर्खेत जिल्लाका विभिन्न स्थानहरुबाट आएका अपाङ्गता भएका ३१ जना व्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुसारका सहायक सामाग्री तथा उपचारको लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपा, हरियोखर्क पोखरा, कोहलपुर मेडिकल कलेज, नेपालगञ्ज, आई.एन.एफ.सुर्खेत, क्षेत्रिय अस्पताल सुर्खेत लगायतका संघ संस्थाहरुसँग समन्वय तथा आर्थिक सहायोग तथा सिफारिसमा काम गर्ने गरिएको छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले डि.डि.पी. यूके.एड्सँगको संयुक्त साझेदारीमा "पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको लागि गरिबी निवारण परियोजना" सञ्चालन गरेर सुर्खेत जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको जीवन यापनको लागि सहयोग गरेकोमा हामी नेपाल अपाङ्ग मानव अधिकार केन्द्र डि.डि.पी. यूके र यूके.एड् प्रति ज्यादै आभारी रहेका छौं ।

बदलिएको मेरो जीवन

तारा वदन सेडाई
अध्यक्ष,
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र

गोरखा जिल्लामा जन्मिएकी म तारा वदन सेडाई, गाउँघरमा म पार्वती नामले चिनिन्छु । म मेरो बुवा भोजराज सेडाईको पहिलो श्रीमती बिहेपछि घर नआएकोले मेरी आमा गणेश कुमारी पाण्डेका साथ दोस्रो विवाह गर्नु भएको रे । मेरी आमाको बिहे पछि फेरी मेरी जेठी आमा घर आउनु भएछ । मेरा आमाहरू बाहिर काममा जाँदा दिदी-बहिनी जस्तै मिलेर काम गर्नु हुन्थ्यो । दुबै जना दोहोरी गीत पनि गाउने रे । जेठी आमा तर्फ एक दिदी, एक बहिनी र भाइ छन् । मेरी आमाको म जेठी छोरी हुँ । हामी तर्फ दुई भाइ र दुई बहिनी गरी हामी जम्मा ८ जना छोरा-छोरी छौं । मेरी आमा मेरा हजुर बुवा ठाकुर पाण्डेकी जेठी छोरी, मेरी हजुर आमा मेरी आमा दुई वर्षको हुँदा स्वर्गीय हुनु भएको रहेछ । मेरी आमालाई मेरो हजुर बुवाले ज्यादै मायाका साथ पालन पोषण गरी हुर्काउनु भएको रे । यसमा पुरा साथ दिने मेरी जिजु मुमा, (आमाको हजुरआमा) गंगा पाण्डे हुनुहुन्थ्यो रे जसमा पुरै आमाको माया दिएर राख्नु भएको जिजुमुमाको मैले पनि लामो समय सम्म माया पाए । टुहुरी छोरी विवाह गरि दिएको रे मेरो हजुर बुवा गाउँमा ठूलो र धनी व्यक्तिको नामले चिनिने ठाकुर प्रसाद पाण्डे भनेर प्रशस्त जमिन, सुन चाँदीको धनी सम्पतिको जस्तै वहाँको मन पनि विशाल थियो ।

मेरो हजुर आमा बिते पछि हजुर बुवाले पछि फेरी दुई विवाह गर्नु भएछ, जमिन जग्गा धेरै सम्हाल्न अप्ठेरो भएकोले दुई वटी हजुरआमालाई विवाह गर्नु भएको रे । म जन्मे पछि मेरी आमा तिन चार वर्ष पेटको रोगले थलिनु भएछ जब आमा बिरामी पर्नु भयो मेरी आमा मामा घरमै बस्नु भयो । त्यसैले मेरो बाल्य काल पनि मामा घरमै बित्यो । म मामाघरबाटै स्कूल जाने गर्थे । पछि आमा सन्चो भएर फेरी घर जानु भयो तर म भने मामा घरमै बसे । म १ वर्षको हुँदा मेरो भाइको जन्म भयो । त्यस पछि म पनि घर गए । अब म भाइ हेर्ने धरालो बस्नु पर्यो, घरको हजुरआमा र मेरी आमा बीच केही पारिवारिक फाटोको कारण हजुरआमाले भाइ नहेरी दिने त्यस कारण मेरो स्कूल जाने रहर भाइले मेटाइ दियो । म ७/८ वर्षको उमेर देखी नै घरको काममा आमालाई पुरै सघाउथे, किनकी त्यति बेला हामी छुट्टी भिन्न हुनु परेको थियो । पछि हजुर आमा जेठी आमा तिर बस्नु भयो बुवा चाही मेरी आमा तिर नै बस्नु भयो । घरमा काम गर्ने मान्छे भए पनि हामी पनि

काममा जानु पर्थ्यो , जग्गा जमिन थियो गाई, भैँसी थिए, घाँस दाउरा काट्नु पर्ने हुन्थ्यो ।

अहिले जस्तो धान मिलहरू थिएन राती ३ बजे उठेर आमासँगै ढिकीमा धान कुट्न पर्ने उज्यालो भए पछि पँधेरोबाट पानी ल्याउने र खाजा खाएर बनमा घाँस काट्न जानु पर्थ्यो । दाइहरू विद्यालय जाँदा रून मन लाग्थ्यो । म साँझमा उनीहरूको किताब हेर्ने र पढ्ने पनि गर्थे । मैले भाइ बहिनी पनि हेर्ने ८ वर्ष देखी खाना पकाउने गर्थे । ११ वर्ष देखी मेलापात गर्न थाले अर्काको मेलामा जाने र आफ्नोमा पनि उहाँहरुलाई ल्याउने, काका काकीहरू मलाई फुर्काउनु हुन्थ्यो म झन् धेरै काम गर्थे । सबैले मेरो काम मन पराउने र मलाई मेला पठाइदिनु भन्नु हुन्थ्यो । म बिहान बनबाट घाँस काटेर ल्याउने , अनि दिउँसो मेलामा जाने गर्थे । मेरो कामले गर्दा सबैजना अचम्म मान्थे । मैले ल्याएको घाँसको भारी र दाउराको भारी देखेर कसैले त यत्रो भारी नबोक है ढाड भाँचिएला पनि भन्नु हुन्थ्यो तर पनि म डराउँदिनथें एक नासको काम गरिरहेको देखेर र सबैले आफ्नो छोरीको चर्चा गरेको देखेर मेरा आमा बुवा पनि दङ्ग हुनुहुन्थ्यो । यसै बेला तिर मेरा मामाघरको हजुरबुवा बित्नु भयो । आमा फेरी दुःखी हुनु भयो किनकी मेरो आमालाई हजुरबुवाले धेरै माया र सहयोग गर्नु भएको थियो । कामको जति दुख भए पनि खान लाउन र सम्पतिको हामीलाई केही दुःख थिएन २ वटा भैसी हुने दुध घिउ कहिलै टुटेन । म १३ वर्ष पुग्दा नपुग्दै धेरै ठाँउबाट मेरो विहेको कुरा आउन थाल्यो तर आमा बुवाले त्यती वास्ता गर्नु भएन । यसै क्रममा एक दिन नाइ भन्न नै नमिल्ने ठाँउबाट कुरा आयो । मेरो विहेको लागि सबै जना खुशी हुनु भयो मलाई भने त्यती बेला विहेको अर्थ समेत थाहा थिएन जसले गर्दा न म खुशी नै थिए न दुःखी नै थिए । साथीहरुले तेरो विहे हो रे नि थाहा पाइस भन्थे । म भने उनीहरुलाई मलाई नजिस्काउ मात्र भन्थे। विहेको दिन नजिकिदै थियो, घरमा चहल पहल बढ्दै थियो ,धान कुट्ने चामल बोरा बोरा ढाडीदै थिए, पात टिपेर टपरी गाँस्दै थिए तर पनि म एकनासले आफ्नो काम गर्दै थिए मलाई किन किन मेरो विवाह हुन्छ जस्तो लाग्दैनथ्यो ।

एक दिन आमा वुवा बिहानै उठेर विमलनगर तनहुँ जाने भनेर हिड्नु भयो, साँझ फर्कदा सामान र कपडाका पोका बोकेर आउनु भयो । त्यसै दिन चाही मेरो मन चिसो भएको अनुभव छ मलाई । यो विहेको मिति माघ २९ गते थियो अव विहेको दिन आउन पनि १० दिन मात्र बाँकी थियो । मन झस्कन्थ्यो मेरो माघ २१ गते श्री स्वस्थानी माताको बर्त समाप्त स्वस्थानी साङ्गे थियो त्यस दिन । यो दिन पनि म सँधै झैँ बिहान घरको काम सकेर घाँस काट्नको लागि वनतिर हिडे । घाँस काट्दै जाँदा मैले एउटा ठूलो बाघ सुतिरहेको देखे र त्यहाँबाट भागेर अरु साथी भएतिर आए र यो कुरा सबैलाई भने । हामी घाँसको भारी बोकी छिटो छिटो त्यहाँबाट हिँडेका थियौ । हतारमा हिँड्दा म अलिकति बाटोमा चिप्लेको थिए । घर आएर घाँसको भारी बिसाएर खान खान आए । मामाघरमा स्वस्थानी माताको पूजाका कारण म र काम गर्ने एक जना भाईलाई वेशीमा मामाको र हाम्रो गोठको गाइवस्तु हेर्ने जिम्मा थियो । म गोठमा जान भनेर मामाघरको बाटो हुँदै झर्दै थिए, एक्कासी मेरो देब्रे खुट्टाको हिप जोर्नी दुख्न थाल्यो । झस्किए जस्तो लाग्यो र यताउता चलाउन थाले तर झन दुख्न थाल्यो ।

जसोतसो गोठ सम्म पुगे तर केही काम गर्न भने सकिन र खलामा (धान झार्न खनेर पोतेर बनाएको ठाउँ) सुते । झन झन दुखाई बढ्न थाल्यो र ज्वरो पनि आउन थाल्यो । राति २ बजे तिर मामाघरको हजुरआमा केटाकेटीले के गरे भनेर भैँसीहरुलाई कुँडोपानी खुवाउन भनेर आउनु भयो । मेरो अवस्था देखेर उहाँले मलाई केही लाग्यो होला भनेर फुक्न तिर लैजानु भयो र फुकियो पनि तर ठिक भएन ।

दुई वर्ष पहिले एक जना ज्योतीषीलाई देखाउँदा ती ज्योतीषीले आमालाई भनेका रहेछन् – तिम्री छोरीलाई १२–१३ वर्षको उमेरमा ठूलो खड्को छ आगो, पानी र रुखबाट बचाउनु भनेर । त्यसैले गर्दा जहिले पनि आमाले म वन जाँदा या रुख चढ्दा राम्रो सँग हिँड्नु है लड्लीस भन्नु हुन्थ्यो । सधैँ आमालाई यही चिन्ता थियो । त्यस दिन म अब हिड्नै नसक्ने भए पछि हजुरआमाले मलाई बिस्तारै डोर्याउँदै घर पुर्याउनु भयो । मेरी आमाले घरको झ्यालबाट म आएको देख्ने बित्तिकै मेरी छोरी रुखबाट खसी कि क्या हो भन्दै रुँदै बाहिर आउनु भयो । मैले हैन भनेर सबै कुरा बताए । त्यस पछि मेरो घरमा रुवाबासी भयो । मेरो खुट्टा सुनिन थाल्यो, रातभर फुकफाक र झाँक्री बसे । भोलि पल्ट बिहानै सबै गाउँले मिलेर डोलीमा राखेर मलाई उपचारका लागि भन्सार (तनहुँ) भन्ने ठाउँमा मेडिकलमा लैजानु भयो । एक दिन त्यही बसियो तर ठिक भएन । त्यति बेला मेरी आमा दुई महिनाको सुत्केरी हुनुहुन्थ्यो, कान्छी बहिनी जन्मिएकी थिई । मेरो घरबाट हिँडेर जाँदा त्यो तनहुँको भन्सार भन्ने ठाउँ जान ३–४ घण्टा लाग्दथ्यो, त्यो पनि मेरी आमा सुत्केरी मान्छे भोलि पल्ट मेरो खबर थाहा पाउन त्यत्रो बाटो हिँडेर भन्सार आउनु भयो । मलाई भने उस्तै थियो । अनि आमाले मेरो उपचारको लागि पोखरा लैजान बुवालाई भने पछि म बुवासँग पोखरा गए । आमा फेरि घरतिर फर्कनु भयो । पोखरामा हामी गण्डकी अस्पतालमा गयौ । त्यस दिन ओ.पि.डि. (OPD) बन्द भएकोले हामी होटलमा बस्यौ । भोलि पल्ट फेरि अस्पाल गयौ तर ठाउँ छैन भनेर भर्ना नै गरेन । मेरो खुट्टा ज्यादै दुखेको थियो । त्यसको दुई दिन पछि बल्ल मलाई उपचारको लागि पोखराको गण्डकी अस्पतालमा भर्ना गरियो तर सिट खाली नभएकाले स्ट्रेचरमा भुँइमै राखीदिए । रातभर चिसोमै सुते बिहान डाक्टर राउण्डमा आउँदा यस्तो चिसोमा किन राखेको भनेर सिस्टरहरुलाई भने पछि एक सिट मिलाएर मलाई लिन आए । म सुतेको स्ट्रेचर फटक्क नाँघेर मलाई उचाल्दै भने – मान्छे सानी भएनी कति गह्रुङ्गो नि भन्दै रिसाउँदै मलाई बेडतिर लगे । एक त आफुलाई दुखेको बेला त्यस माथी उनीहरुको यस्तो शब्दले मेरो झन मन मुटु नै छेडिए जस्तो गरेर दुख्यो । त्यति बेला एक यस्तो सोच आयो कि म पनि नर्स बनेर एकदिन बिरामीहरुको सेवा गर्नेछु तर यसरी हैन बिरामीहरुलाई माया गरेर, उनीहरुको मनलाई नदुखाइकन सेवा गर्नेछु । तर कहिले....? यो त केबल एक कल्पना मात्र थियो, मेरो सपना मात्र थियो । हुन त कहिले काँही सपना पुरा हुनेछ भन्ने आशा थियो मेरो ।

त्यहाँ मेरो उपचारको काम क्रमश:अघि बढ्न थाल्यो । दुखाई कम हुन थाल्यो, स्थिति राम्रो हुँदै गयो । फेरि अर्को पिर थपिन थाल्यो कि २९ गते सम्म बस्न पाए हुन्थ्यो भन्ने किनकी त्यो दिन बिते पछि त मैले बिहे गर्नु पर्दैन भनेर ।

त्यो दिन पनि अस्पतालमा नै बित्यो । भन्दा भन्दै फाल्गुन ८ गते भएछ, हस्पिटलबाट घर आयौ । मलाई राम्रो भइसकेको थियो र राम्रै हिँड्न सक्ने भएको थिए । घर आएको भोलि पल्ट आमाले मलाई घाममा राखेर नुहाइदिनु भयो र तेल लगाइदिनु भयो । सबै जना खुशी थियौ अब राम्रो भयो भनेर । कसैले सोचेको थिएन कि म यसरी अपाङ्ग जीवन बिताउनु पर्छ भनेर । तर त्यो खुशी मेरी आमाले धेरै समयका लागि पाउनु भएन । किनकी साँझ ४–५ बजेतिर फेरि खुट्टा दुख्न सुरु भयो अनि फेरि घरमा रुवाबासी हुन थाल्यो । त्यस पछि गाँउमा कसैले मलाई अस्पताल लैजाने भन्नु हुन्थ्यो भने कसैले धामी झाक्रि कहाँ लैजाने भन्नु भयो । यसरी नै केही समय झारफुकमै बित्यो तर पनि मेरो खुट्टा ठिक भएन । हामी फेरी चैत महिना तिर गोरखाको आँपिपल भन्ने ठाउँमा मिसन अस्पताल गयौं र ४५ दिन ट्र्याक्स लगाएर (खुट्टालाई तन्काएर) बस्यौ । त्यस पछि पनि खुट्टा जस्ताको तस्तै भयो र घर आयौ । केही समय पछि फेरी खुट्टा दुख्न थाल्यो । र दुखाई कम गर्नको लागि, खुट्टा ठिक गर्नको लागि धामी झाक्रिको खोजीमा तनहुँको चोक भन्ने ठाउँमा मेरी ठूली फुपु भएको ठाँउमा गयौं । त्यहा म फुपु दिदीको घरमा धामी लगाएर दुई महिना जति बसे । त्यतिबेला सम्म दुखाई त कम भएको थियो तर खुट्टा पुरै बाङ्गो भइसकेको थियो, बिस्तारै हिँड्ने गर्थे । त्यस पछि फेरि घरै आए । मेरो खुट्टा विग्रे पछि अब मेरो नाम अपाङ्गता वर्गमा जाडिने पक्का भयो । म आफ्नो समाजमा अरु भन्दा फरक व्यक्तिमा गनिन थाले । कसै–कसैलाई त नाम राख्न पनि सजिलो भयो, रिस उठ्यो कि असभ्य भाषामा मलाई गाली गर्थे, मलाई अपमान गर्ने गर्थे । त्यस्ता अब शब्द मेरो लागि धारिलो छुरा भन्दा पनि सय गुणा धारिलो बनि मेरो यो कलिलो छाती भित्र धसिन्थ्यो । ती शब्दहरु सहन नसकेर म छटपटाउनु बाहेक अरु केहि गर्न सक्दनथे । म केबल घरको पिँढीमा बसेर रुन्थे मात्र । आमाले नदेख्ने गरी रुन्थे । म आमाको अगाडि रुन चाहन्न थिए कारण मेरी आमा सधैँ रोइरहनु हुनथ्यो । म आमालाई सम्झाउने कोशिश गर्दथे । मेरो आमाले अलिकती फुर्सद भयो कि मेरो नजिक बस्ने र मेरो खुट्टा नाप्ने, छाम्ने गर्नु हुन्थ्यो किनकी खुट्टा सुक्छकी, सानो ठुलो हुन्छकी भन्ने मेरी आमालाई ठुलो पीर थियो, भन्नुहुन्थ्यो "नानी खुट्टा सुकेको हो?" म भन्थे होइन । मलाई पनि पीडा हुन्थ्यो तर आमाले गर्दा म पीडा देखाउन पाउदिन थिए । घरको आँगनमा मैले वनबाट खोजेर ल्याएर राखेको २५–३० भारी ठुल्ठुला दाउराको भारी जस्ताको त्यस्तै राखिएको थियो । ती दाउराका भारी र मैले कुदेका ति वनजंगलहरु हेरेर म धुरुधरु रुन्थे । जुन दाउरा मैले वनबाट खोजेर, काटेर, बोकेर ल्याएको थिए त्यही दाउराको लठ्ठी बनाएर भित्र बाहिर यता उता गर्नु पर्ने भयो मलाई । यस्ता कुरा सँम्झेर ज्यादै पीडा हुन्थ्यो तर पनि केही मात्रमा म सँग अझै आत्मवल र जोस बचे जस्तो लाग्थ्यो । अब के म गरुँ भनेर सोचमा पर्थे । एक दिन म सोच्दासोच्दै मलाई यस्तो भान भयो कि मेरो खुट्टा केही भएकै छैन, म कतै सपना त देखिरहेको छैन । यो सपना होला म बिउँझिए पछि मेरो खुट्टा राम्रै हुनेछ । तर होइन रहेछ यो विपनामै खुट्टा बिग्रेको रहेछ ।

मलाई माया गर्नेहरुले पनि भन्न थाले विचरा छोरीको खुट्टा बिग्रिएकाले आमाबावु दुखी छन् पार्वती (तारा) का । के गर्ने दुई छोरा थिए अब तीन भए किनकी अब त्यस्तो खुट्टा भएकी छोरीको बिहे हुँदैन, उसलाई पनि त अंश दिनु पर्यो नी । यो शब्द नै मेरो लागि मेरो पुरा जीवन परिवर्तन गर्ने मुलमन्त्र बन्यो । यो शब्दले गर्दा नै मैले अठोट गरे कि म मेरो दुई भाइको अंश खोसेर खाने छैन केही गर्ने छु । तर के गर्ने त....? म यस्तै कुरा सोचिरहन्थे । भन्दा-भन्दै करिब एक वर्ष पनि हुन लाग्यो मेरो खुट्टा दुखेको । पुस १२-१३ गते तिर होला फेरि मेरा आमा-बुवाले एक पटक काठमाण्डौ वीर अस्पतालमा मेरो खुट्टाको उपचारको लागि लैजाने की भनेर सल्लाह गर्नु भयो र म बुवा र आमासँग काठमाण्डौ आए । कहिले यत्रो ठूलो शहर नदेखेको पहिलो पटक थानकोट कट्दा यो नेपाल नै हो त जस्तो लाग्यो । हामीसँग गाउँका दुई तीन जना अरु पनि हुनु हुन्थ्यो । मेरी सानीमा र आमाका काका पनि साथै हुनु हुन्थ्यो । हामी कहाँ बस्ने चिनेको कोही थिएन । डिल्लीबजार चोक (चारखाल अगाडि) मा कृष्ण प्रणामी धर्मको एक भजन मण्डली रहेछ हामी त्यही घरमा एक कोठामा सबैजना परालको सुकुलमा सुत्ने ठाउँ पायौ । पुस महिना त्यति बेलाको काठमाण्डौको जाडो खुट्टा ठिराएर रातभर सुत्न नै सकिएन । त्यो समयमा आफुसँग लगाउने कपडा (सुइटर) पनि थिएन, पातलो एक सरो कपडा लगाएर आएका थियौं । भोलि पल्ट उठेर बाहिर निस्कदा ढपक्कै कुहिरो लागेको र पानी परेजस्तै सित झरेको थियो । जाडोको त कुरै नगरौ । हिंड्दै पुतलीसडक, बागबजार हुँदै हामी करिब ८ बजे वीर अस्पताल पुग्यौ । त्यति बेला हड्डीको एक मात्र डाक्टर त्यहि पनि धेरै भएको रहेनछ त्यहाँ बसेको । हामी गयौ, जचायौ, विभिन्न परिक्षण गरियो हड्डीको टि.वी. (TB) को शंका भयो र औषधी दिए मलाई । ६ महिना औषधी खाए तर खुट्टा जस्ताको त्यस्तै भयो ठिक भएन । हामी उपचारकै क्रममा इन्डियाको लखनहुँको आर्मी हस्पिटल सम्म पुग्यौ, त्यहाँ तीन महिना बस्दा पनि मेरो रोगको पत्ता लाग्न सकेन र म घर फर्के । त्यस बेला मलाई उस्तै खुट्टा लिएर घर जान मन थिएन । बुवासँग घर फर्कदै थिए, बाटोमा गाडी पल्टेर म मरौ भनी प्राथना गर्दै आए तर त्यसो भएन । जब म गाडीबाट झरे फेरि अर्को उपाय मनमा आयो । मेरो घर जान मर्स्याङ्दी नदीको पुल तरेर जानु पर्ने, अब त्यही पुलबाट हाम फालेर मर्छु भन्ने सुर गरेर बुवालाई अगाडि जानु भने । बुवाले आउ-आउ भन्नु भयो म ल ल भन्दै बीचमा पुगेर उभिएर तल पानी तिर हेरेर अब हाम फाल्छु भन्ने सुर गरे । त्यति बेला मलाई आमाको याद आयो । खुट्टा मात्र बिग्रिंदा त त्यसरी रुने मेरी आमा म नै मरे भने झन कति रुने होला भन्ने लाग्यो र मर्न सकिन र म घर गएँ । त्यस पछि मैले स्कूल जाने, पढ्ने र नर्स बन्ने अनि बिरामीको सेवा गर्ने निधो गरे । त्यति बेला मेरो बुवा आमाले मेरो इच्छाहरूलाई रोक्नु भएन र म फेरि स्कूल भर्ना भएर पढ्ने चाहना पुरा गर्ने मौका पाए । स्कूल जाँदा किताब कापी सम्म बोकेर हिंड्न कठिन हुन्थ्यो । तर पनि साथीहरूले गरेको सहयोग ले मलाई विद्यालयमा गएर अध्ययन गर्न सजिलो भयो । मेरो पढाई राम्रो भएकोले कक्षा फड्कदै मैले प्रवेशिका अर्थात् एस.एल.सी.पास गर्न सफल

भए ।

मेरो घर गोर्खा जिल्ला धुवाँकोटमा सेभ द चिल्ड्रेन US को प्रोजेक्ट परेको थियो । हाम्रो गा.वि.स.मा विभिन्न कार्यक्रम भएको थियो विशेष त बच्चाहरूको लागि काम गरेको थियो । सेभ द चिल्ड्रेनको अफिसमा काम गर्ने सबै सरहरु र सिस्टरहरुले पनि मलाई असाध्यै माया गर्नु हुन्थ्यो म हिंडेको देखेर । मेरी आमा पनि त्यहाँको स्वयंसेविका हुनु हुन्थ्यो । सबै जना हामीसँग घुलमिल हुने, हाम्रो घर आउने, बस्ने पनि गर्नु हुन्थ्यो । त्यसैले गर्दा काठमाण्डौमा हेड अफिसमा मेरो कुरा पुग्यो र त्यहाँ बाट आउने टोलीले मेरो फोटो खिचेर काठमाण्डौ लानु भयो । त्यो फोटो खिच्ने र लाने मार्शा दिदी US को हुनु हुन्थ्यो जो फिजियोथेरापिस्ट हुनु हुन्थ्यो । सेभ द चिल्ड्रेनकै मार्फत मेरो फोटो डा. अशोक कुमार बास्कोटा सम्म पुग्यो । मेरो फोटो हेरेर डा. बास्कोटाले मलाई नै उपचारको लागि काठमाडौं बोलाउन भयो । कति ठाउँमा उपचार गराउँदा त नभएको अब के होला र भन्ने मनमा लाग्यो तर सबैले एक पटक उपचारको लागि जा भनेर सम्झाउनु भयो र म उपचारको लागि डा. अशोक कुमार बास्कोटा भएको ठाउँमा जोरपाटी अपाङ्ग सँघको हाताभित्र रहेको HRDC मा गए । त्यो दिन हामी त्यहाँ पुग्दा ४ बजि सकेकाले डा. बास्कोटा त्यहाँबाट हिंडी सक्नु भएछ । त्यो दिन शुक्रबार थियो मलाई सेभ द चिल्ड्रेनको डाइरेक्टरले आफ्नै गाडीमा लिएर जानुभएको थियो । शनिवार र आइतवार दुई दिन बिदा हुने भएकाले हामी डाक्टरको क्लिनिक त्रिपुरेश्वर तर्फ गयौ । त्यहाँ उहाँलाई साँझ ६ बजेतिर भेट्ने मौका पायौ । डा. सँग भेट भयो मेरो, हँसिलो र हेर्दै भगवान जस्तो देखिने डा. बास्कोटा मुसुक्क हाँस्दै सेभ द चिल्ड्रेनका डाइरेक्टरसँग अँग्रेजीमा कुरा गर्दै मलाई आउ भन्दै आफू अगाडिको टुलमा बसाउनु भयो । मेरो बारेमा सबै कुरा थाहा पाइ सक्नु भएकाले म सँग धेरै कुरा गर्नु भएन । कसरी यस्तो भयो भनेर मात्र सोध्नु भयो । त्यस पछि मैले मेरो सबै कहानी बताए । त्यस पछि भोलि भर्ना गर्ने र पर्सी शल्यक्रिया भने पछि हामी फर्कियौं ।

भोलिपल्ट उपचारको लागि मलाई त्यहाँ भर्ना गरियो र शल्यक्रिया पनि गरियो । कति वर्ष देखि मरे सरी भएको मेरो खुट्टा शल्यक्रिया पछि सिधा सुत्न नमिल्ने मेरो खुट्टा र ढाड सिधा भएछ । शल्यक्रिया गरेको भोलि पल्ट होस आउँदा त म ५ वर्ष पछि सिधा वा उत्तानो सुत्न सक्ने भएछु । उभिन नमिल्ने, औँलाले टेकेर, कुर्कुचा उचाल्ने मेरो खुट्टा पुरै सिधा भएछ । ६ दिन पछि मलाई बेडबाट उठाउँदा त म दुवै खुट्टाले टेक्न सक्ने र सिधा उभिने भएछु । ५ वर्ष कुप्रिएर हिंडेकोले त्यस दिन त म आफूलाई कति अग्लि भएको अनुभव भयो र खुशी लाग्यो । त्यस पछि के भयो थाहा भएन, केही बेरमा होस आउँदा वेडमै सुतिरहेको रहेछु । खुशी वा कमजोरीका कारण बेहोस पो भएकी रहेछु । काठमाण्डौ नर्सिङ होमबाट सात दिनमा मेरो डिस्चार्ज भयो । त्यस पछि म नेपाल अपाङ्ग सँघ, खगेन्द्र नवजिवन केन्द्र, जोरपाटीको छात्रावासमा बसेर अरू पुरै उपचार भयो, जुन हस्पिटल डा. अशोक कुमार बास्कोटाको पहलमा भर्खर सुरु भएको थियो । एक वर्ष त मैले वैशाखीको सहारामा हिंडडुल गरे र त्यस पछि भने आफै हिंड्न सक्ने भए । त्यति बेला मलाई डा. बास्कोटा सम्म ल्याउने

सेभ द चिल्ड्रेनका डाइरेक्टर र त्यहाँका कर्मचारी जस्तै अर्जुन गुरुङ्ग दाई (जो गोर्खाकै हुनुहुन्छ) साथै अरुहरु पनि धेरै जना हुनुहुन्छ र फोटो खिचेर ल्याउने पुरै आमाको भूमिका निभाउने Marsha Mccllanahan लाई म कहिल्यै भुल्न सक्दिन, जो जसले मलाई मेरो दुःखबाट सुख दिने व्यक्ति सम्म पुर्याइदिनु भयो । जब मैले डा. बास्कोटालाई भेटे उहाँले मेरो खुट्टा छोएर शल्यक्रिया गरिदिनु भयो । त्यस दिनबाट मेरा सारा दुःखका दिन बिस्तारै हट्दै जान थाले । बाङ्गो खुट्टा सिधा भयो र उभिन नसक्ने मान्छे अहिले छमछम नाच्न सक्ने भए ।

सेभ द चिल्ड्रेनले सुरुवात गरिदिएको जागिर पछि त्यही हस्पिटल जोरपाटीमा सन् १९८५ को असोजको १ गते देखि House Mother का रूपमा पाए । मेरा दुई सपना पनि उहाँले नै पुरा गरिदिनु भयो, जस्तो एउटा सपना नर्सले मलाई रिसाउँदै मान्छे सानी कति गरुङ्गी भनेर बेडमा लैजाँदा उब्जिएको नर्स पढेर बिरामीको मन नदुखाई अस्पतालमा सेवा गर्ने र अर्को आफन्तले भनेको कुरा जस्तै दुई छोरा थिए तीन भए र अब तारा अपाङ्ग भएको कारण बिहे हुँदैन र उसलाई पनि अंश दिनु पर्छ भन्ने कुरा । अब म नर्स पढ्न नपाए पनि अस्पतालमा बच्चाहरूसँग बस्न र काम गर्न पाए । जागिर पाएका कारण अब मेरो बुवा आमाको पनि सबै पीरहरू समाप्त भयो र भाइहरूको अंश नलिने मेरो अठोट पनि पुरा भयो ।

के तपाई अपाङ्ग आवाज मासिक पत्रिकाको ग्राहक बन्न चाहनु हुन्छ ?

के तपाईले अपाङ्ग आवाज मासिक पत्रिका पढ्नु भयो ? यदि तपाई अपाङ्ग आवाज मासिक पत्रिका पढ्न र ग्राहक बन्न चाहनु हुन्छ भने

हामीलाई सिधा सम्पर्क गर्नु होस्

०१ - ५१५५१३४

सूचना तथा सञ्चारमा अपाङ्गहरूको समान सहभागिता आजको आवश्यकता
अपाङ्ग प्रधान
अपाङ्ग आवाज
मासिक

The Medical Model of Disability vs. Social Model of Disability

✍ Dev Datta Joshi

To understand the meaning of inclusive education it is necessary to know the understanding of disability under United Nations Convention on the Rights of Persons with Disabilities (UNCRPD). The medical model of disability focuses on the individual with an emphasis on the individual's impairment whether it is physical, psychological or intellectual disability. The medical model contends that a person's functional limitations (impairments) are the root cause of any disadvantages experienced and these disadvantages can therefore only be rectified by treatment or cure. The social model of disability has been called the 'the big idea' of the British disability movement which is developed in 1970s by activists in the Union of Physically Impaired against Segregation (UPIAS). Later it was given academic credibility through the work of Vic-Finkelstein, Colin Bames and Mike Oliver. These days the social model becomes the ideological litmus test of disability politics. According to UPIAS document 'Fundamental Principles of Disability' the definition of social model is as follows:

In our view, it is society which disables physically impaired people. Disability is something imposed on top of our impairments by the way we are unnecessarily isolated and

excluded from full participation in society. Disabled people are therefore an oppressed group in society. To understand this, it is necessary to grasp the distinction between the physical impairment and the social situation, called 'disability' of people with such impairment. Thus we define impairment as lacking all or part of a limb or having a defective limb, organism or mechanism of a body and disability as the disadvantage or restriction of activity caused by a temporary social organization which takes little or no account of people who have physical impairments and thus exclude them from participation in the mainstream of social activities

The social model contains several key elements and according to which the disabled people are an oppressed social group. Moreover, it distinguishes between the impairment and oppression which they experience. The main conclusion of this model is that disability is the social oppression but not the form of impairment. In addition key to social model thinking is a series of dichotomies; impairment distinguished from disability. The former is individual and private; the latter is structural and public. Whereas the first one defines disability as social creation- a relationship between persons with impairment and a disabling society- the second one defines disability in terms of individual deficit. Mike Oliver argues that Models are ways of translating ideas into practice and the idea underpinning the individual model was that personal tragedy, while the idea underpinning the social model was that of externally imposed restriction. Disabled persons are distinguished from non-disabled persons. Persons with disabilities are a vulnerable group in society. There is a need for a move away from the charity based approach in dealing

with persons with disabilities. There is a need for the services that are provided for the persons with disabilities controlled by those who are disabled. Research carried out by persons with disabilities offers the best insights. The social model is based on the social construct of a human being. Human beings are not innate but socially made and applied through groups or labels as "the disabled". Obviously, this idea shows and confirms that one is not born 'disabled or 'women' or 'black'. The inequality between the sexes is clear with females often left inferior in comparison with their male counterparts. The social groupings are important in implementing change as the law can attempt to shape how an individual's rights are recognised before the law. The use of labelling of individuals based on external characterisations has alarmed many disability rights advocates to consider using the term 'the disabled' than 'person with disabilities.' Factually, it is argued that it is society which disables person.

<u>Sources</u> :

- Watson, N (Ed) (2007) Disability: Major Themes in Health and Social Welfare, Routledge, London, UK. ISBN 9780415410755 available online at the following link: http://www.roaring-girl.com/wp-content/uploads/2013/07/Including-All-of-Our-Lives.pdf

- Tom Shakespeare and Nicholas Watson, 'The Social Model of Disability an outdated Ideology?' in Nick Watson, Ed Disability Major Theme in Health and Social Welfare, (Routledge London and New York 2008), vol 2 ch 37 pp 276-77.

- Mike Oliver, 'The Social and Political Context of Educational Policy: the case of Special Needs', in Len Barton, ed The Politics of Special Educational Needs (The Falmer Press 1998) ch 1 p 2 1

- Tom Shakespeare, 'The Social Model of Disability' in Lennard J, Davis, The Disability Study Reader ed (2nd edn Routledge New York 2006) ch 16 pp 198-99.

- Quinn and Theresia Degener, 'The Normal Autonomy for Change: human rights value and the worldwise process of disability reform' in Human Rights and Disability, the current use and Future Potential of United Nations Human Rights Instruments in the Context of Disability, ch 1 pp 10-11.

स्वर्ग लोकबाट अकिल खानको सन्देश

युवराज कट्टेल, धनकुटा,
हाल काठमाडौं ।

स्वर्ग लोकबाट मन्त्रीज्यूलाई अकिल दाईको सन्देश
माननीय मन्त्री ज्यू, माननीय मन्त्री ज्यू,
स्वर्ग लोकबाट मेरा प्रिय मित्र युवराज मार्फत यो
सानो सन्देश कृपया सुनि दिनु होस् है
प्रिय युवराज आज म तिम्रो सपनामा छु
किनकी भौतिक रूपमा म मरेको मान्छे
उकाली चढ्ने कसरतमा मस्तिष्कघातले झरेको मान्छे
अब म तिमीसँग भौतिक रूपमा अँगालो मार्ने छैन
अब म तिमीसँग भौतिक रूपमा अँगालो मार्ने छैन
म जस्तै अरू हिमोफिलिकहरुसँग भेट्ने छैन
म सबैलाई सधैँ सताउने छैन, दुखाइको पीडामा
कपाल उखेल्दै आमा र श्रीमतीलाई कोपर्ने छैन
बाबुको पसिना चुस्ने छैन ।
छोरीको कलिलो मस्तिष्क विचल्लित बनाउने छैन
साथी भाइसँग बिलौना गर्ने छैन
डाक्टरसाबलाई रक्त श्राप भएर मोटाएको
मेरो घुँडा र कुहिना देखाउने छैन
र धाउने छैन, र धाउने छैन चिच्याउदै
निजामती र वीर अस्पतालका इमर्जेन्सीहरूमा
युवराज म आज मर्नुको कारण बताउँदै छु
हुनत तिमीलाई पनि थाहा छ, म किन मरेको भनेर
किनकी तिमी पटक पटक जिउँदै मरेका छौ
मैले पनि त आत्म हत्या गरेको होइन
मैले पनि त आत्म हत्या गरेको होइन
मैले आफैले जन्माएकी छोरी पाल्न
नसकेर डोरी उठाएको होइन
आमाको चिच्चाहट देखेर रोए पनि
दुःख बिसाउन समुन्द्र खोजेको होइन
मैले कुनै अपराध गरेर गोली चपाएको होइन
न त मैले कसै माथि बलात्कार नै गरेको हो
खै किन मलाई दैवले चुँडेर लग्यो थाहा छैन
हुनत राम्रा मान्छेलाई दैवले धेरै प्रेम गर्छन् रे
त्यही भएर मेरी प्रेमिकाबाट छुटाएर
मलाई आफ्नो काखमा राखेको छ दैवले
प्रिय अनु तिमी कत्ति पनि नरुनु है
म त यहाँ सुखै सुखमा छु, मलाई कुनै चिन्ता छैन
त्यहाँ जसरी मलाई जलन सहनु परेको छैन
रुनु, कराउनु चिच्याउनु परेको छैन
एक किसिमको आनन्दै आनन्द छ त्यहाँ
एक किसिमको आनन्दै आनन्द छ मलाई
त्यहाँ भन्दा कति कति, दैवसँगै खेलेको छु
दैवसँगै खाएको छु, दैवसँगै रमाएको छु

तर पनि मलाई, तर पनि मलाई
तिमीहरूको सारै याद आउँछ, छोरी सन्चै होलिनी हैन

म कहिलेकाहीँ सपनामा आउँदा अँगालो हालेर रुन्छिन
मन छुने गरी, म कहिलेकाहीँ सपनामा
आउँदा अँगालो हालेर रुन्छिन, मन दरो गरी बाँचे है
खै आजकाल त मलाई यो स्वर्गीय आनन्द भन्दा पनि
तिमीहरूसँग रून मन लाग्छ, हाँस्न मन लाग्छ, खेल्न मन लाग्छ
त्यही भएर त म सपनामा आइ रहन्छु
त्यही भएर त म सपनामा आइ रहन्छु,
अनु आज म तिमीलाई धेरै सम्झि रहेको छु
तिमीसँग आउँदा मन थाम्न नसकौली भनेर
युवराज मार्फत सपनामा छु ।
अनु म मेरी आमाको दुधको भारा तिर्न नसक्दै मरे
बाबुको पसिना पुच्छ्न नपाउँदै मरे
छोरीलाई एउटा जामा किन्दिन नपाउँदै मरे
साथी भाहरूसँग नाच्न नपाउँदै मरे
तिमीसँगको सम्भोग यात्रा नमेटिदै मरे
तिमीलाई पनि त थाहा छ नि
भर्खरै मैले एम ए पास गरेको थिए
म जागिर खोज्दै थिए, जागिर खोज्दा खोज्दै मरे

म चाहेर मरेको होइन, श्रीप रक्तश्राप हुँदा फ्याक्टर नपाएर मरेको हु
रगत नपाएर मरेको हुँ, तिमीले पनि त मलाई बचाउन खोजेनौ
तिमीले पनि त मलाई बचाउन खोजेनौ,
फ्याक्टर चढाइदिएनौ, प्लाज्मा चढाइदिएनौ
एक अर्थमा तिमीहरू पनि त अपराधी हौ
एक अर्थमा तिमीहरू पनि त अपराधी हौ,
आत्मा घाती हौ
तर पनि युवराज, तर पनि युवराज मलाई विश्वास छ
मैले जसरी तिमीहरूले औषधी नपाएर
छटपटिँदै मर्नु पर्ने छैन,
२५ वर्षे जवानीमा तिमीहरूले धर्ती छाड्नु पर्ने छैन
मसान घाटका चिहानहरूमा तिम्रो लास गाड्नु पर्ने छैन
किनकी, किनकी तिम्रो साथमा मन्त्री ज्यू हुनु हुन्छ
किनकी तिम्रो साथमा मन्त्री ज्यू हुनु हुन्छ,
सिङ्गो देश छ
नेता जी हरू हुनु हुन्छ, समाजसेवीहरु छन्
नागरिक समाज अनि सरकारी कर्मचारी थरीथरी
सबैले बचाउने छन् तिमीहरूलाई
सबैले बचाउने छन् तिमीहरूलाई, किनकी म आज छैन
तर मैले मन्त्री बनाउन खसालेको भोट अझै जिउँदै छ
मैले तिरेको करको अस्तित्व मेटिएको छैन
त्यस बापत मैले केही मागेको छैन
त्यस बापत मैले केही मागेको छैन
श्रीप रक्त श्रापलाई रोक्ने फ्याक्टर किनिदिनु होस् है ।

उही अकिल खान, हाल स्वर्ग लोकबाट ।

जलविन्दु

⇒ **जलविन्दु भनेको के हो ?**

जलविन्दु आँखामा लाग्ने त्यस्तो रोग हो जसले आँखा र मस्तिष्कसँग जोडिएको स्नायु नशालाई बिस्तारै बिगार्दछ । आँखाको स्नायु नशामा चाप बढ्न गइ जलविन्दु हुने गर्दछ । आँखा भित्र रहेको पानी बग्ने नली बन्द भएको खण्डमा आँखा भित्र पानीको मात्र बढ्न गइ स्नायु नशामा खराबी आई बिस्तारै नशा सुक्दै जान्छ । समयमा नै यसको सही उपचार नगरेमा मानिस दृष्टिविहिन बन्न सक्छ । जलविन्दु धेरै जसोमा वृद्धावस्थामा लाग्ने गर्दछ । यो रोग लागेपछि निको हुँदैन । तर औषधी उपचार गरि आँखाको दृष्टि न्यून हुँदै जानबाट रोक्नमा धेरै मद्दत पुर्याउँछ । जलविन्दु मुख्यतया दुई किसिमका हुन्छन् । आँखाको स्नायु नशामा चाप बिस्तारै बढ्दै जाने र समयमा नै उपचार नपाएमा आँखाको वरिपरि देख्ने दृष्टि विस्तारै बिग्रिने गरी दृष्टिविहिन हुनु खुल्लाकोण जलविन्दु भनिन्छ । त्यस्तै एकदमै नाटकीय ढंगमा आँखाको चाप बढ्नुका साथै दुख्नुलाई अकस्मात् जलविन्दु भनिन्छ । यस्तो अवस्थामा तुरुन्तै डाक्टरको निगरानी आवश्यक रहन्छ ।



आधारभूत रूपमा जलविन्दु ३ प्रकारका हुन्छन् । एनुअल क्लोजर ग्लकोमा भनेको पानीको सञ्चालन राम्रो गरी हुन नसक्नु र प्रेसर बढ्नु हो । तर कहिले काही प्रेसर नबढीकन पनि हुन सक्छ । एनुअल क्लोजर ग्लकोमा आँखामा धेरै प्रेसर बढ्ने हुन्छ । तर कहिले काही प्रेसर नबढीकन पनि आँखाको पानी बग्ने नली बिग्रेर पनि हुन सक्छ । त्यस्तै सेकेन्ड्री ग्लकोमा भनेको अरू कुनै कारणले आँखामा रोग लागेर वा चोटपटक लागेर वा डाइविटिज भएर हुन सक्छ । यो रोग धेरै जसोलाई वंशाणुगत कारणले हुने गर्दछ । एउटा वंश देखि अर्को वंशमा प्रवेश गर्दा जीन ट्रान्सफर भएको कारणले हुने गर्दछ । मोतीबिन्दुको समयमा उपचार नभएर, आँखामा अरू रोग लागेर पनि जलविन्दु हुने गर्दछ । आँखाको शल्यक्रिया गर्दा धेरै जोखिमपूर्ण शल्यक्रिया भएर पनि जलविन्दु हुने गर्दछ । कहिले काही औषधिले पनि जलविन्दु हुन सक्छ । तर यो ज्यादै थोरै मात्रामा मात्र हुन्छ ।

⇒ **सुरुको अवस्थामा यसका लक्षणहरू :**

प्रारम्भिक अवस्थामा जलबिन्दुको कुनै पनि लक्षण नदेखिने तर संक्रमण हुँदै जाँदा बिरामीले थाहा नै नपाई आँखाको दृष्टि कम हुँदै जाने हुन्छ । जलविन्दु भएपछि दृष्टि धमिलो हुने, बिरामीले बत्तीमा हेर्दा इन्द्रेणी परे जस्तो देखिनु, धेरै टाउको दुख्नु, आँखा रातो भएर धेरै दुख्ने र दृष्टि शक्तिमा कमी आउने परेको अवस्था छ । विभिन्न स्वास्थ्यकर्मीहरुका अनुसार नेपालमा ४० वर्ष भन्दा माथिको उमेर भएका जलविन्दु प्रभावित व्यक्तिहरूको संख्या २ प्रतिशत देखिन्छ । जलविन्दु रोगको बारेमा डाइग्नोसिस नभएको, रोगले आँखा नदेख्ने भइसकेको अवस्थामा प्राय भेटिन्छ । जलविन्दु जसलाई पनि हुन सक्छ । यदि कोही पनि व्यक्ति ४० वर्ष नाघी सक्नु भएको छ भने अनिवार्य रूपमा आँखा जाँच गराउनु पर्दछ ।

हुन्छ । तसर्थ आँखामा कुनै समस्या देखियो भने आँखा जाँच गराउनु अनिवार्य छ । साथै ४० वर्ष नाघेका व्यक्तिहरूले अनिवार्य रूपमा आँखाको परीक्षण गराउनु पर्दछ । जलविन्दु पूर्ण रूपमा निर्मूल गर्न सकिँदैन तर यदि सुरुको अवस्थामा नियमित जाँच गराइ डाक्टरको सल्लाह अनुसार औषधी उपचारमा ध्यान पुर्याए आँखाको ज्योती लामो समय सम्म जोगाइ राख्न सकिन्छ । कतिपय जलविन्दु प्रभावित व्यक्तिहरू यस बारेमा पर्याप्त जानकारी नुहुँदा पूर्ण रूपमा दृष्टिविहिन हुन

आँखा जाँच गराउने कर्मचारीलाई मेरो जलविन्दु छ की छैन मेरो एक पटक आँखाको नसा हेरिदिनुस्, मेरो आँखाको प्रेसर नापी दिनुस् भनेर भन्नु भयो भने छ की छैन भनेर जाँच्ने कर्मचारीले हेरेर यदि रहेछ भने सम्बन्धित ठाउँमा गएर उपचार गर्नु पर्दछ ।

दृष्टिविहिन विद्यार्थीहरूलाई अडियो पुस्तक वितरण

३२ जेठ २०७३ शर्मिला विश्वकर्मा, काठमाडौं

नेपाल राष्ट्रिय अपाङ्ग मानव अधिकार संरक्षण मञ्चको आयोजना तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहयोगमा काठमाडौंमा विद्यालय तथा उच्च शिक्षा अध्ययन गर्ने दृष्टिविहिन विद्यार्थीहरूलाई अडियो (श्रव्य) पुस्तक वितरण गरेको छ । सो अडियो पुस्तक वितरण कार्यक्रममा आयोजक संस्थाका महासचिव रमेश तिवारीले आफ्नो संस्थाले गरेको यो प्रयासले केही दृष्टिविहीन विद्यार्थीहरूलाई शिक्षा लिनमा सहजता भएको बताउँदै आगामी दिनमा यो कार्यमा सरोकारवाला निकायहरूले पनि चासो दिनु पर्ने कुरामा जोड दिनु भयो । त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले दृष्टिविहीन व्यक्तिहरूको शिक्षालाई सहज बनाउनको लागि नेपाल सरकारले कार्यक्रम ल्याउनु पर्ने कुरामा जोड दिनु भयो । त्यसै गरी रिर्पोर्टस् क्लब नेपालका अध्यक्ष ऋषि धमलाले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सवालको बारेमा सञ्चार माध्यमले

*दृष्टिविहिन विद्यार्थीहरूलाई अडियो पुस्तक वितरण गर्दै उप-प्रधान एवम् महिला बालबालिका तथा समाज कल्याण मन्त्री सिपी मैनाली । **तस्विर : शर्मिला विश्वकर्मा***

आवाज उठाउँदै जाने बताउनु भयो ।

त्यसै गरी कार्यक्रमका प्रमुख अतिथि एवं उपप्रधान तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्री सि. पी. मैनालीले दृष्टिविहीन विद्यार्थीहरूको शिक्षाको लागि सबैले सक्दो सहयोग गर्नु पर्ने र यस विषयमा नेपाल सरकार पनि गम्भीर भएको बताउनु भयो । त्यसै गरी उक्त कार्यक्रमका अध्यक्ष तथा नेपाल राष्ट्रिय अपाङ्ग मानव अधिकार संरक्षण मञ्चका अध्यक्ष बाबुकृष्ण महर्जनले आगामी दिनमा दृष्टिविहीन व्यक्तिहरूको शिक्षालाई सहज बनाउनको लागि, उनीहरूको पहुँचमा पाठ्यपुस्तक उपलब्ध गराउनको लागि सबैको सहयोग र साथको आवश्यक भएको बताउनु भयो । सो अडियो पुस्तक वितरण कार्यक्रममा विद्यालय तथा उच्च शिक्षा अध्ययन गर्ने १ सय ४ जनालाई अडियो पुस्तक वितरण गरिएको थियो ।

दैनिक जीवन यापन सम्बन्धी पुर्नताजकी तालिम सम्पन्न

✍ ८ असार २०७३ शर्मिला विश्वकर्मा, काठमाडौं

बहिरा दृष्टिविहीन अभिभावक समाज काठमाडौंको आयोजना तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र महिला बालबालिका कार्यलय काठमाडौंको सहयोगमा श्रवण दृष्टिविहीनता सम्बन्धी अधिकारमुखी अवधारणा र दैनिक जीवन यापन सम्बन्धी पुर्नताजकिय तालिम काठमाण्डौंमा सम्पन्न भयो । सो तालिमको उद्घाटनको क्रममा नेपाल भकभके संघका उपाध्यक्ष रविन मैनालीले सबैको साथ र सहयोग भयो भने श्रवण दृष्टिविहीन व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्न सहज हुने बताउनु भयो । त्यसै गरी नेपाल अपाङ्गत मानव अधिकार केन्द्रका महासचिव जगदिशप्रसाद अधिकारीले सर्वोच्च अदालतले पूर्ण तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुको सहयोगी सहितलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने भनि गरेको फैसला कार्यन्वयन गर्नको लागि सबै मिलेर पहल गर्ने बताउनु भयो । सो कार्यक्रममा बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका अध्यक्ष मुकुन्दहरी दाहालले राज्यले पूर्ण तथा अति असक्त वा श्रवण दृष्टिविहीन व्यक्तिहरुको सहयोगीको लागि उनीहरुका परिवारलाई समावेश गर्ने खालका कार्यक्रमहरू ल्याउनु पर्ने कुरामा जोड दिनु भयो भने राष्ट्रिय शारीरिक अपाङ्ग संघ नेपालका अध्यक्ष किरण शिल्पकारले श्रवण दृष्टिविहीन व्यक्तिहरुको दैनिक क्रियाकलापहरु सम्बन्धी तालिम उपलब्ध गराउनको लागि दिवा सेवा केन्द्र सञ्चालन गर्नु पर्ने बताउनु भयो ।

त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहालले श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरुको बारेमा समाजमा चेतना जगाउने पर्ने, उनीहरूको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालले पनि सक्दो सहयोग गर्ने बताउनु भयो । त्यसै गरी

श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका अभिभावकहरूलाई दैनिक जीवन यापन सम्बन्धी पुर्नताजकी तालिममा सहभागीहरू । ***तस्विर : शर्मिला विश्वकर्मा***

सोही महासंघका महासचिव राजु बस्नेतले श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरुको सवालका बारेमा छलफल गरेर काम गर्ने बताउनु भयो । त्यसै गरी कार्यक्रमकी प्रमुख अतिथि एवं महिला बालबालिका कार्यलय काठमाडौंकी महिला अधिकृत निर्जला चुडालले श्रवण दृष्टिविहीन व्यक्तिहरुको समस्याको बारेमा सबै निकायहरु संवेदनशिल भएर काम गर्नु पर्ने, साथै उनीहरुको लागि गरिने विभिन्न कार्यहरुमा सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । त्यसै गरी बहिरा दृष्टिविहीन अभिभावक समाज काठमाण्डौंका अध्यक्ष मदन महर्जनले यस्ता बालबालिकाहरुको दैनिक क्रियाकलापहरु सञ्चालन गर्नको लागि तालिम दिएको तर आर्थिक अभावको कारण विचमै छोड्न परेको गुनासो गर्नु भयो । सोही क्रममा उहाँले उक्त तालिमलाई पुर्नताजकी गर्नको लागि फेरी असार ८ गते देखि १५ गते सम्म श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका अभिभावकहरुलाई तालिम दिएको बताउनु भयो । सो तालिमका क्रममा बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका अध्यक्ष मुकुन्दहरी दाहालले अधिकारमुखी अवधारणा तथा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सम्बन्धी र राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहालले लैङ्गीकता सम्बन्धी प्रशिक्षण दिनु भएको थियो भने बहिरा दृष्टिविहीन अभिभावक समाज काठमाण्डौंकी प्रशिक्षक लक्ष्मी बुढाथोकीले श्रवण दृष्टिविहीन व्यक्तिहरु र उनीहरुका अभिभावकहरुलाई उनीहरुका दैनिक क्रियाकपाल सञ्चालन गर्नको लागि तालिम दिनु भएको थियो । सो तालिममा विभिन्न जिल्लाका श्रवण दृष्टिविहीन व्यक्तिहरु र उनीहरुका अभिभावक सहित २० जनाको सहभागिता रहेको थियो ।

दिगो विकासका लक्ष्यहरू विषयक अनुशिक्षण कार्यक्रम

✍ ९ असार २०७३, गणेश सुवेदी, काठमाडौं

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता भएका व्यक्तिहरुको राष्ट्रिय कार्यक्रम सि.आर.पि.डि. समितिको आयोजना तथा माईराइटको सहयोगमा दिगो विकासका लक्ष्यहरु विषयक अनुशिक्षण कार्यक्रम काठमाण्डौंमा सम्पन्न भयो । सो कार्यक्रममा नेपाली कांग्रेसका सभासद रामहरी खतिवडाले सभासद रत्न गुरुङ्ग मधुले संविधानमा समावेश भएका अपाङ्गता भएका व्यक्तिहरुका व्यवस्थाहरुलाई जति सक्दो छिटो कार्यन्वयन गर्नु पर्ने बताउदै भर्खरै आएको शिक्षा ऐनमा पनि अपाङ्गताका सवाल समावेश भएको बताउनु भयो । त्यसै गरी उहाँले अपाङ्गता सम्वन्धी विधेयक पारित गर्नका लागि आफ्नो तर्फबाट र महिला बालबालिका जेष्ठ नागरीक तथा समाज कल्याण समितिको पनि सदस्य

काठमाडौंमा गरिएको दिगो विकासका लक्ष्यहरू विषयक अनुशिक्षण कार्यक्रमको एक झलक ।
तस्विर : गणेश सुवेदी

अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्ने खालको कानून बनाउन आवश्यक भएको बताउनु भयो । त्यसै गरी उहाँले यो अपाङ्गता क्षेत्रलाइ कसरी अगाडि बढाउन सकिन्छ भनि ध्यान केन्द्रित गरेर कानून बनाउन आवश्यक रहेको छ भन्ने कुरामा जोड दिनु भयो । सो कार्यक्रममा ने.क.पा.एमालेकी भएको हैसियतले पनि यो विधेयकलाई छिटो भन्दा छिटो पारित गराउनको लागि सक्दो पहल गर्ने बतउनु भयो । उक्त कार्यक्रममा दिगो विकासका लक्ष्यहरु र अपाङ्गताको सन्दर्भमा मिनराज पन्थि र दिगो विकासका लक्ष्हरु के के हुन भन्ने विषयमा दयाशागर श्रेष्ठले प्रस्तुतीकरण गर्नु भएको थियो ।

अटिजम भएका व्यक्तिहरूका अभिभावकहरूको लागि २ दिने सेमिनार तथा कार्यशाला गोष्ठी

✍ १२ असार २०७३ शर्मिला विश्वकर्मा, काठमाडौं

अटिजम केयर नेपाल समाजको आयोजना तथा माइ राइटको सहयोगमा अटिजम भएका व्यक्तिहरूका लागि उनीहरूका दैनिक कार्यहरू कसरी सम्पन्न गर्ने भनि अभिभावकहरूको लागि २ दिने सेमिनार तथा कार्यशाला गोष्ठी काठमाडौंमा सम्पन्न भयो । सो कार्यशाला गोष्ठीमा अटिजम केयर नेपाल समाजकी अध्यक्ष सुनिता मलेकु अमात्यले अटिजमको बारेमा जानकारी दिँदै कार्यपत्र प्रस्तुत गर्नु भयो । सोही क्रममा उहाँले अटिजम भनेको के हो ?, यो ३ प्रकारका हुन्छ, उनीहरूको समस्याहरू के के हुन्छन् भन्ने बारेमा प्रस्ट पार्नु भयो । त्यसै गरी अटिजम केयर नेपाल समाजकी विशेष शिक्षक तथा अभिभावक सिजन शाक्यले सञ्चारमा अटिजम भएका व्यक्तिहरूलाई कस्तो समस्या हुन्छ भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्नु भयो । यसै क्रममा उहाँले सञ्चार सिकाउने क्रममा अटिजम भएका बालबालिकाहरूको रुचिहरूको बारेमा थाहा पाउनु पर्ने, उनीहरूलाई कसरी सञ्चार गर्न सकिन्छ भन्ने विषयमा जानकारी दिनु भएको

*अटिजम केयर नेपाल समाजले काठमाडौंमा आयोजना गरेको अटिजम भएका व्यक्तिहरूका अभिभावकहरूको लागि २ दिने सेमिनार तथा कार्यशाला गोष्ठीका सहभागीहरू । तस्विर : **शर्मिला विश्वकर्मा***

थियो । त्यसै गरी अभिभावक एलिना तुलाधरले अटिजम भएका बालबालिकाहरूलाई शौचालयमा हुने समस्या समाधानको लागि गरिने क्रियाकलापहरूको बारेमा जानकारी दिनु भएको थियो भने अर्का अभिभावक कृपा श्रेष्ठले अटिजम भएका बालबालिकाहरूको आनी बानी, सामाजिक समस्याको बारेमा प्रस्ट पार्नु भयो । त्यसै गरी सो दुई दिने सेमिनार तथा कार्यशाला गोष्ठीमा अष्ट्रेलियाबाट आउनु भएका मेरिना, समानता लगायतले अटिजम भएका बालबालिकाहरूलाई कसरी शौचालय प्रयोग गर्ने, उनीहरूलाई विभिन्न चिन्हहरू प्रयोग गरेर दैनिक कार्यहरू सिकाउनु पर्ने, यसको लागि विभिन्न चित्रहरू प्रयोग गर्नु पर्ने, जीवन उपयोगी सीपहरूको बारेमा, उनीहरूको यौन विकासको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । उक्त दुई दिने सेमिनार तथा कार्यशाला गोष्ठीमा विश्व अटिजम दिवसको अवसरमा उत्कृष्ट फोटो खिच्ने व्यक्ति सनी श्रेष्ठलाई अटिजम केयर नेपाल समाजकी अध्यक्ष सुनिता मलेकु अमात्यले नगद रु १० हजार सहित सम्मान पत्र प्रदान गर्नु भएको थियो । सो कार्यक्रममा सहभागी अभिभावकहरुले अटिजम भएका बालबालिकाहरूको व्यवहारिक कार्यहरू सम्पन्न गर्नको लागि समय समयमा तालिम दिनु पर्ने, यस्ता कार्यक्रमहरू विभिन्न जिल्लाहरूमा लैजानु पर्ने र यसको लागि सरोकारवाला निकायहरूले सहयोग गर्नु पर्ने बताएका थिए । उक्त कार्यक्रममा विभिन्न जिल्लाबाट अटिजम भएका अभिभावकहरूको सहभागिता रहेको थियो ।

बौद्धिक अपाङ्गता संघ नेपालमा नयाँ कार्य समिति चयन

✍ १२ असार २०७३, किशोर रिजाल, काठमाडौं

बौद्धिक अपाङ्गता संघ नेपालको तेस्रो बार्षिक साधारण सभा तथा अधिवेशन काठमाण्डौंमा सम्पन्न भयो । बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालको सहयोगमा सम्पन्न उक्त साधारण सभा तथा अधिवेशनले शशीबाबु पौडेलको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । जसमा उपाध्यक्षमा सन्तोष जि.सी., महासचिवमा शिव श्रेष्ठ, सचिवमा ममता पौडेल, कोषाध्यक्षमा आयुष्मा मान्धर चयन हुनु भएको छ भने सदस्यहरुमा रिम बहादुर गुरुङ्ग, सुदिप पौडेल चयन हुनु भएको छ । बौद्धिक अपाङ्गता संघ नेपालको तेस्रो बार्षिक साधारण सभा तथा अधिवेशन कार्यक्रममा महिला बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण समितिकी सभापति रञ्जु कुमारी झा प्रमुख अतिथि रहनु भएको थियो भने राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव, बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका अध्यक्ष, महासचिव, सचिव, कार्यक्रम व्यवस्थापक,१५ जिल्लाका स्व-वकालतकर्ताहरु, अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरु र अभिभावकहरु सहित ४५ जनाको सहभागिता रहेको थियो ।

अपाङ्गता मैत्री संरचनाका निर्माणका लागि ज्ञापन पत्र बुझाइयो

✍ १२ असार २०७३ सुरेशराज भण्डारी, भक्तपुर

समानताका लागि आवाज नामक संस्थाको आयोजना तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र आई. एल. सेन्टर काठमाडौंको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको लागि अवरोध मुक्त वातावरण निर्माण सम्बन्धी अभियान कार्यक्रम भक्तपुरमा सम्पन्न भयो । सो अभियानमा भक्तपुर जिल्लाका शिक्षा कार्यालय, अस्पताल, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, महिला तथा बालबालिका कार्यालय, यातायात कार्यालयमा अपाङ्गता मैत्री संरचना निर्माण गर्ने भनि ज्ञापन पत्र बुझाइएको थियो । उक्त कार्यक्रममा ५० जनाको सहभागिता रहेको र त्यहाँका सम्बन्धित निकायहरूले अपाङ्गता मैत्री संरचना निर्माण गर्ने बताउनु भएको समानताका लागि आवाजका निर्वतमान अध्यक्ष सुरेशराज भण्डारीले पठाउनु भएको समाचारमा उल्लेख गरिएको छ ।

बहिरा व्यक्तिहरूका लागि होटेल तालिम सम्पन्न

✍ असार १४, २०७३ संगिता पौडेल, कास्की

तनहुँ बहिरा संघको आयोजना तथा जिल्ला विकास समिति तनहुँ र रिसेडको संयुक्त सहयोगमा बहिरा अपाङ्घता भएका व्यक्तिहरूका लागि १० दिने होटेल तालिम एक कार्यक्रमका बीच सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि नव जनविकास सहकारी संस्थाका अध्यक्ष तिल बहादुर गुरुङ्गले तालिम सम्पन्न गरेका बहिरा अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न होटेलमा कार्य गर्नु पर्ने बताउनुभयो । रिसेडका अध्यक्ष मदन पौडेलले यस्ता विभिन्न तालिम पश्चात् अपाङ्गता भएका व्यक्तिहरुको गरिबी न्युनिकरण भई आर्थिक सशक्तिकरणका लागि टेवा पुग्ने उल्लेख गर्नु हुँदै होटेल तालिम लिइसकेपछि होटेल व्यवसाय सञ्चालन गर्दै आफ्नो सीपलाई त्यसै खेर फाल्न नहुने बताउनु भयो । महिला तथा बालबालिका कार्यालय तनहुँका प्रतिनिधि मधु शर्माले तालिम पश्चात् बहिरा व्यक्तिहरू पनि आर्थिक रूपमा सक्षम हुने विश्वास लिदै सिकेको सीपलाई निरन्तरता दिँदै जानु पर्ने बताउनु भयो । कार्यक्रममा रिसेडका महासचिव दामोदर रेग्मी, राष्ट्रिय एकीकृत विकास संघका भवि थापा, होटेल तालिम केन्द्रका प्रमुख गुप्त बहादुर थापा लगायतले तालिम पश्चात् तालिम लिएका बहिरा व्यक्तिहरूले कुनै न कुनै होटेलमा काम गर्नुपर्ने बताउनु भयो । तालिम तनहुँ जिल्लामा बसोबास गर्ने १० जना बहिरा व्यक्तिहरूलाई प्रदान गरिएको थियो ।

कम्प्युटर र व्युटिसियन तालिम सम्पन्न

✍ १८ असार २०७३, मदन पौडेल, तनहुँ

अपाङ्गता महिला सशक्तिकरण समाज तनहुँको आयोजना तथा जिल्ला विकास समिति तनहुँको सहयोगमा अपाङ्गता भएका महिलाहरूको लागि एडभान्स व्युटिसियन तालिम र कम्प्युटर तालिमको समापन कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रमुख अतिथि नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका उपाध्यक्ष प्रकाश पन्थले अपाङ्गता भएका महिलाहरूको आर्थिक विकासका लागि आयआर्जनमुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । सोही कार्यक्रममा बोल्दै हेमा व्युटि पार्लरका सञ्चालक शकुन्तला आलेले अपाङ्गता भएका महिलाहरूले व्युटि सिएन तालिम लिएर आर्थिक विकासमा सजिलै लाग्न सक्ने बताउनु भयो । रिसेडका अध्यक्ष मदन पौडेलले अपाङ्गता भएका महिलाहरूका लागि सञ्चालित गरिएका यस्ता तालिमले स्वरोजगार सृजना भई आर्थिक अवस्थामा सुधार हुन सहज हुने बताउनु भयो । स्थानीय सि.वि.आर नेटवर्क तनहुँका संयोजक विष्णु प्रसाद गौतमले अपाङ्गता भएका बालबालिकाहरूका अभिभावकहरूलाई पनि आर्थिक सशक्तिकरणका यस्ता विभिन्न तालिम सञ्चालन गर्दै लैजानुपर्ने बताउनु भयो। कार्यक्रमको सञ्चालन अपाङ्गता महिला सशक्तिकरण समाजका कोषाध्यक्ष मञ्जु आचार्यले गर्नु भएको थियो ।

दाङमा अपाङ्गता भएका व्यक्तिहरूका लागि १ महिने तालिम सम्पन्न

✍ २३ असार २०७३ भूमा चौधरी, दाङ

नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र दाङ शाखाको आयोजनामा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको आर्थिक सहयोग तथा नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र

दाङ जिल्लामा सम्पन्न भएको आय आर्जन सम्बन्धी तालिमका सहभागीहरू । तस्विरः भूमा चौधरी

केन्द्रिय कार्यालय जोरपाटीको समन्वयमा मिति २०७३ जेठ १९ गते देखि २०७३ असार १९ गते सम्म अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चालति १ महिने मैनबत्ति, निम्किन, दालमोठ तथम भुजिया तालिम सम्पन्न भएको छ । तालिममा मैन बत्ति बनाउने तर्फ ७ जना महिला र ३ जना पुरुष गरी १० जना अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता रहेको थियो भने निम्किन, दालमोठ तथा भुजिया तालिममा १५ जना महिला र १० जना पुरुष गरी जम्मा २५ जना अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता रहेको थियो तालिममा सबै सहभागिहरुलाई आवासिय सुविधा सहित तालिम उपलब्ध गराइएको थियो ।

कक्षाकोठा व्यवस्थापन सम्बन्धी छलफल सम्पन्न

२४ असार २०७३, शर्मिला विश्वकर्मा, काठमाडौं

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालको आयोजनामा बौद्धिक अपाङ्गता भएका बालबालिकहरुको कक्षा कोठा व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठि काठमाण्डौंमा गरियो । सो कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको लागि समावेशी शिक्षा सम्बन्धि भएका व्यवस्थाहरुको बारेमा जानकारी गराउनु भएको थियो । यसै क्रममा उहाँले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा तथा अन्य क्रियाकलाप सञ्चालन गर्न

*बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालले आयोजना गरेको बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको कक्षा कोठा व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठीको एक झलक । **तस्विर : शर्मिला विश्वकर्मा***

आयोजक संस्थाका अध्यक्ष मुकुन्दहरी दाहालले उक्त कार्यशाला गोष्ठि गर्नुको उदेश्यमाथी प्रकाश पार्नु हुदै अन्तर्राष्ट्रिय स्तरमा बौद्धिक कक्षा कोठाको व्यस्थापन गर्नको लागि सरोकारवाला निकायहरुलाई पनि जानकारी गराएर काम गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

त्यसै गरी डाउन सिण्ड्रोम समाज नेपालकी अध्यक्ष शिला थापाले आफुले बौद्धिक तथा डाउन सिण्ड्रोम अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चालन गरिएको दिवा सेवामा उनीहरुलाई शिक्षा प्रदान गरेको अनुभव बताउनु भयो । यसै क्रममा उहाँले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको लागि कक्षा कोठा सञ्चालन गर्नको लागि अपाङ्गताको प्रकृति अनुसार बालबालिकालाई छुट्टाछुट्टै कक्षाको व्यवस्था गरेर, दक्ष जनशक्ति उत्पादन गर्ने कुरामा जोड दिनु भयो ।

त्यसै गरी अटिजम केयर नेपालकी सचिव निलम गौतमले यस्ता बालबालिकाहरुको लागि शिक्षा प्रदान गर्ने क्रममा उनीहरुलाई सिकाउन खोजिएको कुराको चित्रको प्रयोग गर्न सिकाएर पनि कक्षाकोठाको व्यवस्थापन गर्न सकिने बताउनु भयो भने सोही संस्थाकी विशेष शिक्षक रुजु पोखरेलले यस्ता व्यक्तिहरुलाई उनीहरुको रुचि अनुसार क्षमता अनुसार सिकाउनु पर्ने बताउनु भयो । सोही क्रममा आयोजक संस्थाकी सचिव एवं अभिभावक लक्ष्मी काफ्लेले काठमाण्डौंको किर्तिपुरमा हिड्न सक्ने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई नेपाल सरकारले सञ्चालन गरेको स्रोत कक्षामा पढ्न पठाउने र मष्तिस्क पक्षघात भएका, हिड्डुल गर्नमा कठिनाई भएका अपाङ्गता भएका व्यक्तिहरुलाई अभिभावकहरुद्धारा सञ्चालन गरिएको दिवा सेवा केन्द्र«बाट शिक्षा दिने गरेको बताउनु भयो । त्यसै गरी बौद्धिक अपाङ्ग कल्याण संस्थाकी अध्यक्ष एवं अभिभावक मिना ढुङ्गानाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा दिने क्रममा कक्षामा गराईने विभिन्न नियमित कार्यहरुमा सहभागि गराउनु पर्ने कुरामा जोड दिनु भयो । उक्त कार्यक्रमका अन्य सहभागिहरुले बौद्धिक तथा सिकाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा दिने क्रममा कक्षा कोठाको व्यवस्थापन अन्तर्गत विशेष कुर्सीहरु, चित्रहरु, गीत संगीतहरु, तालिम प्राप्त शिक्षक तथा सहयोगीहरु, अपाङ्गता अनुकूलको शौचालय, व्यक्तिगत शिक्षकको व्यवस्था गर्नु पर्ने कुराहरुमा जोड दिनु भएको थियो ।

सामाजिक परिक्षण कार्यक्रम सम्पन्न

✍ २६ असार २०७३ संगिता पौडेल, म्याग्दी

अपाङ्ग संघ म्याग्दीको आयोजना र आइ.एन.एफ. नेपाल बाग्लुङ्गको सहयोगमा आर्थिक वर्ष २०७२/७३ को सामाजिक परीक्षण कार्यक्रम बेनीमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा अपाङ्ग संघ म्याग्दीका उपाध्यक्ष गणेश के.सी.ले स्वागत गर्नु भएको थियो भने जिल्लामा अपाङ्गता सम्बन्धी भएका गतिविधिहरु र समस्याहरुको विषयमा छलफल गरिएको थियो । सो कार्यक्रममा अपाङ्ग संघ म्याग्दीका प्रतिनिधि जगन्नाथ शर्माले संघको सामाजिक प्रतिवेदन सार्वजनिक गर्नु भएको

थियो भने आइ.एन.एफ. सि.वि.आर.का अधिकृत सुर्य बहादुर कुँवरले संस्था मार्फत जिल्लामा भएका गतिविधिहरुको बारेमा सहजीकरण गर्नु भएको थियो । सो कार्यक्रममा अपाङ्ग संघ म्याग्दीका अध्यक्ष गोपाल के.सी., जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत हरिकृष्ण आचार्य, संघका उपाध्यक्ष गणेश सुवेदी, सचिव सुरेन्द्र के.सी. जिल्ला स्थित सरोकारवाला निकायहरूका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

राष्ट्रिय अपाङ्ग महासंघ कास्कीको साधारण सभा सम्पन्न

✍ ३१ असार २०७३, संगीता पौडेल, पोखरा

राष्ट्रिय अपाङ्ग महासंघ कास्कीको साधारण सभा पोखरामा सम्पन्न भएको छ । सो साधारण सभाको उद्घाटन कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष देवि बहादुर पोखरेलले अपाङ्गताको क्षेत्रमा काम गर्ने क्रममा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई सम्बोधन गर्नु पर्ने बताउदै राष्ट्रिय अपाङ्ग महासंघ कास्कीका नव निर्वाचित कार्यसमिको कार्य सफलताको शुभकामना व्यक्त गर्नु भयो । त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ कास्कीका निवर्तमान अध्यक्ष गंगा बहादुर खड्काले अपाङ्गता भएका व्यक्तिहरुको लागि गरिने कार्यहरुमा सधै आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पश्चिमाञ्चल क्षेत्रिय अध्यक्ष कल्पना ढकाल, निर्वतमान उपाध्यक्ष पुश्पराज रिमाल, सचिव रामनारायण श्रेष्ठ लगायतले शुभकामना मनतव्य व्यक्त गर्नु भएको थियो ।

राष्ट्रिय अपाङ्ग महासंघ कास्कीमा सम्पन्न साधारण सभाबाट हेम बहादुर गुरुङ्गको अध्यक्षतामा नयाँ कार्य समिति चयन भएको छ । जसमा उपाध्यक्ष जुलिमाया श्रेष्ठ, सचिव तेज प्रसाद भण्डारी, सह सचिव सुर्य प्रसाद भट्टराई, कोषाध्यक्ष सुर्यमोहन बराल चयन हुनु भएको छ भने सदस्यहरुमा सुर्य बहादुर रानाभाट यात्री, अमृत बराल र दुर्गा तिमल्सिना चयन हुनु भएको छ भने एक जना मनोनित गर्न बाँकी रहेको पुष्पराज रिमालले जानकारी भएको पोखराबाट हाम्रा साथी संगीता पौडेलले पठाएको समचारमा जनाईको छ ।

अधिकारमुखी ऐन २०७२ को विधेयकमा सांसदहरूको भूमिका विषयमा छलफल

३१ असार २०७३ शर्मिला विश्वकर्मा, काठमाडौं

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजना तथा माइराइटको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७२ को विधेयकमा सांसदहरूको भूमिका सम्बन्धी एक छलफल कार्यक्रम काठमाण्डौंमा सम्पन्न गरियो । सो छलफलमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७२ को बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी नेपाल नेत्रहिन संघका निर्देशक नरबहादुर लिम्बुले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७२ लाई कार्यन्वयन गर्नको लागि सांसदहरुले पहल गर्नु पर्ने र कार्यन्वयनको लागि अपाङ्गता सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरुले सहयोग गर्ने बताउनु भयो । त्यसै गरी ने.क.पा. एमालेकी सांसद रत्न गुरुङ्गले आफु सधै अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चित

***राष्ट्रिय अपाङ्ग महासंघ** नेपालले आयोजना गरेको **अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७२ को विधेयकमा सांसदहरूको भूमिका सम्बन्धी** एक छलफल कार्यक्रममा बोल्दै राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष **सुदर्शन सुवेदी** ।*

तस्विर : शर्मिला विश्वकर्मा

गर्नको लागि सधैँ साथ रहेको र आगामी दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई सम्बन्धित निकाय सम्म पुर्याउन र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७२ लाई कार्यान्वयन गर्न आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो ।

त्यसै गरी उक्त कार्यक्रममा पूर्व स्वास्थ्य राज्य मन्त्री एवं सांसद डा. वंशीधर मिश्रले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको सल्लाह सुझाव अनुसार अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७२ लाई कार्यान्वयन गर्ने कुरामा जोड दिनु भयो । सो कार्यक्रमकी प्रमुख अतिथि महिला बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण समितिकी सभापति रञ्जु कुमारी झाले अपाङ्गता भएका व्यक्तिहरूका हक अधिकार सुनिश्चित गर्नका लागि विभिन्न ऐन कानुनहरू बनाउनु पर्ने र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७२ लाई कार्यान्वयन गर्नको लागि हामी सक्दो पहल गर्ने प्रतिबद्धता जनाउनु भयो ।

अपाङ्गता भएका व्यक्तिहरूलाई व्यवसाय सामग्री सहयोग

१ साउन २०७३ रामशंकर यादब , दाङ

अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङले युके. एडको आर्थिक सहयोगमा साढे दुई वर्षको अवधिमा करिब ३०० अपाङ्गता भएका व्यक्तिहरूलाई जीविकोपार्जनका लागि आर्थिक सहयोग गरेको एक छलफल बीच जानकारी गराइएको छ । पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण कार्यक्रम अन्तर्गत किराना पसल, बाख्रा पालन, बंगुर पालन, सिलाई कटाइ, माछापालन, तरकारी पसल लगायतका कार्यका लागि सहयोग गरेको हो । पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण कार्यक्रम अन्तर्गत सन् २०१४ देखि २०१६ जुन सम्म २८९ जना अपाङ्गता भएका व्यक्तिहरूलाई व्यवसाय संचालन गर्नका लागि सन् २०१५ देखि रु ९००० का दरले प्रति व्यवसाय सामग्री प्रदान गरेको हो ।

दाङ जिल्लामा भएका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई व्यवसाय सञ्चालन गर्नको लागि परियोजना मार्फत सहयोग गरेको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङले बताएको छ । यो परियोजना मार्फत बाख्रा पालनको लागि १५५ जना, किराना पसलको लागि ४८ जना, बंगुर पालनको लागि १८ जना, सिलाई कटाइको लागि २७ जनालाई व्यवसाय सामग्री प्रदान गरिएको छ । अन्य पार्लर, चाट पसल, मैनबत्ति, माछापालन, तरकारी पसल , जुत्ता सिलाउने सामग्री, फर्निचर, फोटो स्टुडियो जस्ता व्यवसाय संचालनको लागि सहयोग गरेको बताइएको छ ।